# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २८३ | काठमाडौं | शुक्रबार, २५ माघ २०८१ | Prabhab National Daily | Friday, February 07, 2025 | www.prabhaonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


# चौथोपटक धरौटी बुझाएर रिहा भए रवि लामिछाने



## रवि निर्दोष मान्न नसकिने १२ आधार

- गोर्खा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक रहेको स्वीकार गरेको
- कम्पनीमा आफ्नो सेयर रहेको विषयलाई अन्यथा नभनेको
- प्रबन्ध निर्देशकको हैसियतबाट चेकमा हस्ताक्षर गरेको भन्ने तथ्यलाई स्वीकार गरेको
- गोर्खा मिडिया नेटवर्क प्रालिमा प्रबन्ध निर्देशक रही काम गरेको भनी खुलाएको
- प्रालिमा १५५ सेयर प्राप्त भएको भनी स्वीकार गरेको
- कम्पनीका चेकहरूमा हस्ताक्षर गरी विभिन्न व्यक्ति र संस्थालाई दिएको भनी स्वीकारेको
- आफ्नो कार्यकालमा धेरै चेकहरु जारी भएको, ती चेकहरु अध्यक्ष गितेन्द्रबाबु राईको निर्देशन पालना गरी जारी गरेको भनिएको
- गितेन्द्रबाबु राईसमेत मूल मुद्दामा प्रतिवादी रहेको देखिएको
- सहारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट गोर्खा मिडिया नेटवर्क प्रालिमा रकम आएको भन्ने मिसिल संलग्न चेकको प्रतिलिपिबाट देखिएको
- जाहेरवालाहरूको किटानी जाहेरी परेको
- सहप्रतिवादीहरु छविलाल जोशी र कुमार रम्तेलले लामिछानेलाई समेत पोल गरी बयान गरेको
- शैलेन्द्र रेग्मी, अर्जुन श्रेष्ठ समेतका मानिसहरूको भनाइ तथा मूल मिसिल संलग्न बरामदी मुचुल्का

■ जेबी योञ्जन

**काठमाडौं–** पूर्वगृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने चितवनको सहारा सहकारी ठगी प्रकरणमा निर्दोष नहरेको १२ वटा आधार अदालतले प्रस्तुत गरेको छ। न्यायाधीश दयाराम ढकालको इजलासले अहिले नै कसुरमा संलग्नता नरहेको भनी भन्न सकिने अवस्था नरहेको भन्दै आधारहरू प्रस्तुत गरेको हो।

रविले भने थुनछेक बहसको क्रममा आफू निर्दोष रहेको जिकिर गरेका थिए। तर, ढकालको इजलासको ठहरसँगै रविको जिकिर खारेज भएको छ।

इजलासले पहिलो आधारमा भनेको छ, 'प्रतिवादी लामिछानेले यस (चितवन) अदालतमा बयान गर्दा आफू निर्दोष रहेको भनी कसुरमा इन्कार रहेको भए तापनि निजले आफ्नो बयान व्यहोरामा आफू गोर्खा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक रहेको स्वीकार गरेको।'

रवि निर्दोष रहेको भन्न नमिल्ने दोस्रो आधारमा गोर्खा मिडिया नेटवर्क प्रालि कम्पनीमा आफ्नो सेयर रहेको विषयलाई अन्यथा नभनेकोलाई मानेको छ। लामिछानेले प्रबन्ध निर्देशकको हैसियतबाट चेकमा हस्ताक्षर गरेको भन्ने तथ्यलाई स्वीकार गरेकोलाई तेस्रो आधार अदालतले मानेको छ। चौथो आधार भने प्रतिवादी लामिछानेले अनुसन्धान अधिकारी समक्षकै बयानमा आफू गोर्खा मिडिया नेटवर्क प्रालिमा प्रबन्ध निर्देशक रही काम गरेको भनी खुलाएकोलाई औंल्याएको छ।

आफूलाई गोर्खा मिडिया १५५ सेयर प्राप्त भएको भनी स्वीकार गरेको, कम्पनीका चेकहरूमा आफूले हस्ताक्षर गरी विभिन्न व्यक्ति र संस्थालाई दिएको भनी स्वीकारेको र आफ्नो कार्यकालमा धेरै चेकहरू जारी भएको, ती चेकहरू अध्यक्ष गितेन्द्रबाबु राईको निर्देशन पालना गरी जारी गरिएको भनी बयानलाई पनि निर्दोष भन्न नमिल्ने आधारको रूपमा अदालतले प्रस्तुत गरेको छ।

उनका व्यावसायिक साझेदार एवं निर्देशन दिने गितेन्द्रबाबु राईसमेत मूल

⏭ क्रमशः पृष्ठ २ मा

आफ्नो पालामा आर्थिक सुधार भएको दाहालको दाबी

# प्रकाशशरणले पोखे असन्तुष्टि



मैले सरकार छोड्दा मुद्रास्फीति ३.५७ प्रतिशत थियो, अहिले बढेर ५.४१ प्रतिशत पुगेको छ। खाद्यान्न मूल्यवृद्धि झन् गम्भीर रूपमा २८.५२ प्रतिशतले बढेर औसतमा ७.६७ प्रतिशत पुगेको छ, जबकि मैले छोड्दा यो दर ४.०४ प्रतिशत मात्र थियो

**■ पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र



जुन बेला नेपाली कांग्रेससँग छाडेर जानुभयो, अर्थमन्त्रीले सहयोग गरेन भन्नेजस्तो अभिव्यक्ति उहाँले दिनुभयो। तर आज त्यसबेला एकएक गरेर आर्थिक उपलब्धि भएको थियो भनेर दोहोऱ्याउनुभयो। त्यो अवस्थाबाट हामीले अगाडि बढाउने सशक्त अभियान थाल्यौ। लगानी सम्मेलन गर्न लागेका थियौ। सरकार परिवर्तन भएर त्यो फ्लप भयो

**■ डा प्रकाशशरण महत**
प्रवक्ता, नेपाली कांग्रेस

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालले नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको सरकारको प्रस्तुति निकै कमजोर रहेको आरोप लगाएका छन्। बिहीबार सदनलाई सम्बोधन गर्दै माओवादी अध्यक्ष दाहालले सरकार अर्थतन्त्रलाई कमजोर बनाउने दिशामा अघि बढेको दाबी गरे।

आफ्नो नेतृत्वमा आर्थिक प्रगतिका सुचक बलियो बन्दै गरेको अवस्थामा केपी शर्मा ओलीको नेतृत्वले देशलाई बर्बादीतिर लगेको दाहालको तर्क थियो। 'सरकार अनौपचारिक तथा अवैधानिक माध्यमलाई प्रवर्द्धन गर्दै राष्ट्रिय अर्थतन्त्र कमजोर बनाउने दिशामा अग्रसर छ,' उनले भने। प्रधानमन्त्री ओलीले माघ १८ गते सदनलाई सम्बोधन गर्दै सरकारले आर्थिक अवस्था सुधारका लागि अथक मेहेनत गरेको र सुधारका संकेतहरू देखिन थालेको बताएका थिए। तर ती उपलब्धि अत्मरतिमा आधारित भएको दाहालले दाबी गरे। 'प्रधानमन्त्रीका रूपमा मैले यो सम्मानित संसदमा एउटा परम्परा सुरु गरेको थिएँ, रिपोर्ट कार्डको परम्परा। तर, अहिले संसदमा रिपोर्ट कार्ड होइन, तथ्य होइन, मिथ्या कल्पना र आत्मरति सुनिन थालेको छ,' उनले भने।

पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालले व्यापार घाटा तीव्र रूपले बढेको, रेमिटचान्स घटिरहेको अवस्थामा पनि सरकारले ढाकछोपको प्रयास गरेको आरोप लगाए। 'सरकारले चालु वर्षको खर्च र राजश्वको लक्ष्य पुरा गर्न सक्ने छैन। छ महिनाअघि २.६ प्रतिशतले घटेको व्यापार घाटा यो सरकारको छ महिने अवधिमा ४.४ प्रतिशतले बढेर ७ सय २३ अर्ब पुगेको छ। छ महिनाअघि २२.२ प्रतिशतले वृद्धि भएको थियो रेमिटचान्स। अहिले वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढे पनि रेमिटचान्स आप्रवाह भने घटेर ४.१ प्रतिशत पुगेको छ,' दाहालले भने।

महँगी अहिले बढेको र श्रमिकको ज्याला भने नबढेको दाहालको भनाई थियो। वित्तिय संस्थाबाट प्रवाह हुने कर्जा पनि निरन्तर ओरालो लागेको उनको भनाइ थियो। 'छ महिनाअघि बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जा २.६ प्रतिशतले वृद्धि भइरहेको थियो, अहिले घटेर १.२ प्रतिशतमा सीमित भएको छ। मेरो नेतृत्वमा ३ सय ७७ अर्बले बढेको निक्षेप यो सरकार बनेपछि घटेर २ सय ३९ अर्बले मात्र बढेको छ,' दाहालले भने।

दाहालले कांग्रेस प्रवक्ता डा प्रकाशशरण महत अर्थमन्त्री भएको समयमा यो प्रगति भएको बताएका थिए। महतकै कारण सरकार अप्ठेरोमा परेको भन्दै दाहालले कांग्रेससँग सत्ता समीकरण छाडेर एमालेसँग मिलेर सरकार गठन गरेका थिए।

आफ्नो प्रशंसा सुनेर कांग्रेस प्रवक्ता महत भने खुसी भएनन्। बरु महतले उल्टै असन्तुष्टि पोखे।

⏭ क्रमशः पृष्ठ २ मा

## रविलाई दाहालको काँध

चितवन अदालतले मागेअनुसारको धरौटी बुझाएर लामिछाने रिहा हुँदै थिए, यता संसदमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले लामिछानेको सांसद पदको निलम्बन फुकुवा गर्न माग गरे। दाहालले लामिछाने निर्दोष भएको संसदबाटै गरे। जबकि रवि न्यायिक परीक्षणमा छन्। न्यायालयबाट उनले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा सफाइ पाएका छैनन्। तर, पूर्वप्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष दाहालले सहकारी ठगीकाण्डमा रविको संलग्नता नै नभएको भन्दै निर्दोष करार गरे। लामिछानेको सांसद पदको पनि निलम्बन फुकुवा गर्नुपर्ने माग गरे।

'सहकारीबाट पैसा ल्याउन कतैबाट नजोडिएका उहाँ (रवि लामिछाने)लाई आज देशको सबैभन्दा ठूलो सहकारी ठगका रूपमा देशभरी दौडाइँदैछ। हिजो उहाँलाई ठूल्ठूला अफर गरेकाहरू आज न्यायपालिकालाई धम्क्याएर भए पनि फसाइ छाड्ने प्रयासमा हुनुहुन्छ। त्यसको लागि सिंगो राज्यको दुरूपयोग भएको छ,' उनले भने, 'म सम्माननीय सभामुखज्यूलाई पनि निवेदन गर्दछु कि अदालतले पनि छाडिसकेपछि संसदबाट रवि लामिछानेको निलम्बन कति संवैधानिक ? कति न्यायपूर्ण छ ? यसको समीक्षा गरियोस्।'

दाहालले रविको सांसद पदको निलम्बन फुकुवाका लागि संसदबाटै माग गर्दा चितवन अदालतबाट रिहा हुँदै गर्दा रविले आफ्नो सांसद पद जालझेल गरेर निलम्बन गरिएको आरोप लगाए। दुईपल्ट निर्वाचित हुँदा पनि सांसद पद निलम्बन गरिएको रविको गुनासो थियो।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# वैदेशिक रोजगार व्यवसायी संघको आगामी नेतृत्वलाई विज्ञको सुझाव

■ ममता थापा

- वैदेशिक रोजगारीमा श्रमशोषण, श्रम लापरवाही, मानव बेचविखनजस्ता घटना रोक्ने कार्ययोजना अगाडि ल्याउनुपर्छ र यसलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने गरी संयन्त्र बनाउनुपर्छ
- व्यवसाय र मानव अधिकारलाई सँगसँगै लैजाने सम्बन्धी राष्ट्रिय कार्ययोजना नेपालमै बनिसकेको छ। श्रम मन्त्रालय र वैदेशिक रोजगार व्यवसायी संघले पनि यस विषयलाई कार्यान्वयन गर्छु भनी घोषणा गरिसकेको छ



**काठमाडौं–** वैदेशिक रोजगारी व्यवसायी संघको चुनाव नजिकिएसँगै उम्मेदवारहरू आफ्नो एजेन्डा लिएर मैदानमा उत्रिएका छन्। फागुन २ गते हुने निर्वाचनबाट नेतृत्वमा को चुनिएला भन्नेमात्र हैन भावी नेतृत्वले केकस्ता विषयलाई मुल मुद्दा बनाउलान् भन्ने पनि चासोको विषय बनेको छ।

वैदेशिक रोजगार व्यवसायलाई थप व्यवस्थित बनाउने उद्घोषसहित संघको नेतृत्व लिन नरेश गेलाल, भुवनसिंह गुरुङ र रामप्रसाद भान्तना चुनावी होडमा उत्रेका छन्। वैदेशिक रोजगार व्यवसायको भावी कार्यदिशा सम्हाल्ने गरी अघि बढ्दा अबको कार्यसमितिले विभिन्न चुनौति सामना गर्नुपर्ने देखिन्छ।

मुख्यतय नेपालमा शैक्षिक बेरोजगार बढिरहेको बेला उनीहरूलाई वैदेशिक रोजगारमा कसरी व्यवस्थापन गर्ने मुख्य चुनौति हो। श्रमिकलाई सम्मानजनक व्यवहार नगरिए आगामी दिन चुनौतिपूर्ण हुने बताउँछन् वैदेशिक श्रमविद् रामेश्वर नेपाल। 'वैदेशिक रोजगारीमा श्रमशोषण, श्रम लापरवाही, मानव बेचविखनजस्ता घटना रोक्ने कार्ययोजना अगाडि ल्याउनुपर्छ र यसलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने गरी संयन्त्र बनाउनु आजको आवश्यकता हो,' नेपालले भने।

श्रमिकमाथि ज्यादतीपूर्ण व्यवहार नघटेको उल्लेख गर्दै नेपालले यो मुद्दालाई वेवास्ता गरे व्यवसाय नै धरापमा पर्ने उनको दाबी रह्यो। 'पहिलो समस्या भनेको श्रमिकमाथि हुने ज्यादतीपूर्ण व्यवहार रोक्नुपर्छ। विगतका नेतृत्वले प्रयास नगरेका त होइनन् तर सफल भएनन्,' नेपालले भने।

सरकारले रोजगारी सिर्जना गर्न नसकेकै कारण युवाहरू वैदेशिक रोजगारकै भर परिरहेका छन्। यही कारण पनि रेमिटचान्स अर्थतन्त्रको बलियो जग बनेको छ। सरकारले रेमिटचान्सकै भरमा ढुकुटी बलियो भएको धाक लगाउन पाइरहेको छ। यसो त वैदेशिक रोजगार व्यवसायीले करोडौं धरौटी राखेर व्यवसाय सञ्चालन गरिरहेका छन्।

विदेशस्थित श्रमबजार पुगेर मागपत्रहरू ल्याएर रोजगारी दिलाउनु वैदेशिक रोजगार व्यवसायीको सकारात्मक पाटो हो। तर अबका दिनमा पुरानै व्यवहार जारी राखे जोखिम बढेर जाने देखिन्छ। नयाँ नयाँ देशमा रोजगारीको अवसर खुल्नु, कन्सल्टेन्सी कम्पनीहरूबाट विदेश जानेको संख्या थपिनुले पनि वैदेशिक रोजगार व्यवसायलाई अझ चुनौति थपिँदो छ।

यी जोखिम र चुनौतिलाई घटाउन मानव अधिकारको विषयमा पनि व्यवसायीले ध्यान दिनुपर्ने बताउँछन् नेपाल। 'बिजनेस र मानव अधिकारलाई सँगसँगै लैजाने सम्बन्धी राष्ट्रिय कार्ययोजना नेपालमै पनि बनिसकेको छ। श्रम मन्त्रालय र वैदेशिक रोजगार व्यवसायी संघले पनि यस विषयलाई कार्यान्वयन गर्छु भन्दै वचन दिइसकेको छ,' नेपालले भने। व्यवसाय गर्दा अरुको हकअधिकार हनन हुन नदिन संघले संयन्त्र बनाउनुपर्ने उनको जोड छ।

⏭ क्रमशः पृष्ठ ३ मा




## पृष्ठ १ बाट क्रमशः

## चौथोपटक...

मुद्दामा प्रतिवादी रहेको देखिएको, सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडबाट गोर्खा मिडिया नेटवर्क प्रालिमा रकम आएको भन्ने मिसिल संलग्न चेकको प्रतिलिपिबाट देखिएको र प्रतिवादी रवि लामिछानेले समेत ठगी गरेको भनी निजउपर जाहेरवालाहरूको किटानी जाहेरी परेको विषयलाई पनि अदालतले आधारको रूपमा लिएको छ ।

मौकामा अनुसन्धान अधिकारीसमक्ष सहप्रतिवादीहरू छविलाल जोशी र कुमार रम्तेलले लामिछानेलाई समेत पोल गरी बयान गरेको र मौकामा घटना विवरण कागज गर्ने मानिसहरू शैलेन्द्र रेग्मी, अर्जुन श्रेष्ठ समेतका मानिसहरूको भनाइ तथा मूल मिसिल संलग्न बरामदी मुचुल्कालाई पनि रवि निर्दोष भन्न नमिल्ने आधार भनिएको छ ।

यिनै तथ्य उल्लेख गर्दै आदेशमा भनिएको छ, 'उल्लिखित तत्काल प्राप्त प्रमाणका आधारमा यी प्रतिवादी रवि लामिछानेको दाबीको कसुरमा संलग्नता नरहेको भनी अहिले नै भन्न सकिने अवस्थाको विद्यमानता नरहेकोले पछि मुद्दामा थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी तत्काल निज प्रतिवादी र वि लामिछानेबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ बमोजिम ५४,००,०००। (चौवन्न लाख रूपैयाँ धरौटी वा जमानत वा बैंक जमानत लिनू ।' सो माग भएको धरौट वा जमानत वा बैंक जमानत दिए निज प्रतिवादीलाई तारेखमा राख्नू र सो दिन नसके कानुनबमोजिम थुनामा राख्न सम्बन्धित कार ागार कार्यालयमा पठाइदिनू भन्ने अदालतको आदेश छ ।

आदेशअनुसार लामिछानेले धरौटी बुझाएका छन् । त्यससँगै उनी चौथोपटक रिहा भए । यसअघि कास्की जिल्ला अदालतले सूर्यदर्शन सहकारी ठगी प्रकरणमा उनीविरुद्ध ६५ लाख धरौटी मागेको थियो। काठमाडौं जिल्ला अदालतले स्वर्णलक्ष्मी सहकारी ठगीमा ६० लाख रूपैयाँ धरौटी लामिछानेले मागेको थियो। रूपन्देही अदालतले बुटवलमा रहेको सुप्रिम सहकारी ठगी प्रकरणमा एक करोड धरौटी मागेको थियो । मागबमोजिमको धरौटी लामिछानेले बुझाए । बिहीबार चितवनमा पनि ५४ लाख धरौटी बुझाएसँगै हालसम्म लामिछानेले धरौटी बुझाएको र कम दुई करोड ७९ लाख भएको छ। प्रभु बैंकमार्फत् लामिछानेले धरौटी बुझाएका हुन् ।

अब उनीविरूद्ध पर्सा जिल्ला अदालतमा पनि मुद्दा दर्ताको तयारी छ। त्यहाँको सानो पाइला सहकारी ठगी प्रकरणमा उनलाई प्रतिवादी बनाउने तयारी सर कारी वकिल कार्यालय पर्साको छ । तर, मुद्दा अदालतमा दर्ता भइसकेको छैन ।

■■■

## प्रकाशशरणले...

'जुन बेला नेपाली कांग्रेससँग छाडेर जानुभयो, अर्थमन्त्रीले सहयोग गरेन भन्नेजस्तो अभिव्यक्ति उहाँले दिनुभयो। तर आज त्यसबेला एकएक गरेर आर्थिक उपलब्धि भएको थियो भनेर दोहोर्‍याउनुभयो,' महतले भने । त्यतिबेला देश आर्थिक मन्दीको घेरामा परिसकेको उल्लेख गर्दै त्यसबाट उम्कन लगानी सम्मेलन आयोजना गरिए पनि दाहालकै कारण त्यो असफल भएको महतले आरोप लगाए। 'त्यो अवस्थाबाट हामीले अगाडि बढाउने सशक्त अभियान थाल्यौ । लगानी सम्मेलन गर्न लागेका थियौ । सरकार परिवर्तन भएर त्यो फ्लप भयो,' महतले भने, 'यो कुरा उहाँले बिर्सन हुन्न । धेरै लगानी भित्रने वाला थियो। मन्त्रिपरिषद्को निर्णय उल्ट्याउनुभयो उहाँले । अनि यति लामो फेहरिस्त आयो कि जुन कार्यान्वयन गर्न सकिने अवस्था नै आएन । अहिलेको सरकारलाई पनि मुश्किल छ ।'

अहिले सरकारले सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक ल्याएर नागरिकको मुख बन्द गर्न खोजिएको तर्क गर्दै दाहालले यसमा कांग्रेस जिम्मेवार हुनुपर्ने बताए । 'खासमा यो विधेयकमा सरकारको नियत प्रकट भएको छ । प्रधानमन्त्री केपी ओलीजी विरोध त परको कुरा, रचनात्मक आलोचना पनि सहन सक्नुहुन्न,' दाहालले भने, 'यस्तो प्रयास प्रधानमन्त्रीकै रूपमा उहाँले यसअघि पनि पटकपटक गरिसक्नुभएको हो । त्यसैले म उहाँलाई प्रश्न गर्दिनँ । मेरो प्रश्न छ, नेपाली कांग्रेसलाई ।'

कांग्रेसको चाहना पनि ओलीको जस्तै हो कि भनेर दाहालले प्रश्न गरेका थिए । यसैगरी दाहालले पहिले गठबन्धन गर्न हुन्न भनेर ताली खाने कांग्रेस नेताहरू अहिले मौन रहेकोमा आफूलाई अचम्म लागेको बताए । 'माओवादीसँग गठबन्धनमा हुँदा निर्वाचनपूर्वको गठबन्धन पाप हो भन्ने साथीहरू पनि थिए कांग्रेसमा । कांग्रेस एक्लै लड्छ, अब रुखबाहेक अन्त भोट हाल्दैन भनेर ती साथीहरूले धेरै ताली खाए,' कांग्रेस महामन्त्री गगन थापातिर लक्षित गर्दै दाहालले भने, 'तर, गत स्थानीय निकायको उपचुनावमा के भयो ? दुई ठूला दलबीच नै गठबन्धन भयो ।'

दाहालको यो अभिव्यक्ति प्रधानमन्त्री पद गुमेको असन्तुष्टिमात्र भएको कांग्रेस प्रवक्ता महतको दाबी थियो । 'एमालेसँग सहकार्य गरे पनि नेपाली कांग्रेससँग सहकार्य गरे पनि प्रधानमन्त्री पद चै प्रचण्डकै हुन्छ भन्ने थियो। त्यो परिस्थिति समाप्त भएकोले त्यसबाट अभिप्रेरित भएर अभिव्यक्ति आएको मैले ठानेको छु,' महतले भने ।

एकदलीय व्यवस्थाका लागि युद्ध लडेको दाहालले समावेशी र समानुपातिकको कुरा उठाउनु हस्यास्पद भएको महतको तर्क थियो । 'एकदलीय व्यवस्था स्थापना गर्नका लागि उहाँ लड्नुभएको थियो । बहुदलीय व्यवस्थामा उहाँ आउनुभएको कुरा बिर्सन भएन । समानुपातिकको आवाज कांग्रेसले उठाएको कुरा उहाँले बिर्सन भएन,' महतले भने ।

■■■

## रविलाई...

अदालतबाहिर लामिछानेले भने, 'मलाई यहाँ (अदालत)बाट न्याय नहुने भन्ने कुनै प्रश्न छैन । चितवनवासीले मेरो न्यायका लागि बारम्बार लड्नुभएको थाहा छ । चितवनवासीले दुईपल्ट निर्वाचित गरेर मलाई पठाउँदा जालझेल गरेर मेरो सांसद पद निलम्बन गरिएको छ ।'

रास्वपाकै सांसद असीम शाहले पनि रविको सांसद पदको निलम्बन फुकुवा माग गरेका छन्। बदनियपूर्वक ढंगले रविको सांसद पद निलम्बन गरिउको भन्दै उनले असन्तुष्टि प्रकट गरे । 'संसद् कुनै दल विशेषको वा सत्ता विशेषको निजी अखडा होइन । हामी सुसंस्कृत राजनीतिमा विश्वास गर्छौं,' उनले भने, 'संसदीय मर्यादा ध्वस्त पार्ने काम बदर गरियोस् र रवि लामिछानेको सांसद पद निलम्बन फुकुवा गरियोस् ।'

लामिछानेको सांसद पद निलम्बनमा परेको सम्पत्ति शुद्धीकरण मुद्दाले हो । कास्की जिल्ला अदालतमा उनीविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा विचार ाधीन छ । सोहीकारण उनको सांसद पद संसद् सचिवालयले निलम्बन गरिदिएको छ । तर, अदालतहरूले धमाधम धरौटी छाडिरहेपछि विपक्षी नेता दाहालसँगै रास्वपाकै सांसदहरूले लामिछानेको सांसद पद निलम्बन फुकुवा माग अघि सारेका हुन् ।

### मुस्कान सुब्बा र सागर सुब्बाको १५ दिने सार्वजनिक सूचना

मोरङ जिल्ला स्थायी घर गई हाल का.म.न.पा.वडा नं ६ स्थित श्री लेमी शेर्पा र सानी शेर्पाको घरमा बस्ने मुस्कान सुब्बा र सागर सुब्बाले विगत ५ महिनादेखि भाडा नदिइ कोठामा ताल्चा लगाई वेपत्ता भई घर खाली गर्न अटेर गरेकोले आजको मितिले १५ दिन भित्रमा सम्पर्कमा आई घर भाडा रकम चुक्ता गरी घर कोठा खाली गर्नु होला अन्यथा कानून बमोजिम प्रक्रिया अगाडी बढाईने व्यहोरा यसै सूचना द्वारा सुचित गराइन्छ ।

**लेमी शेर्पा**
**सानी शेर्पा**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/२५**

यस कम्पनीको मिति २०८१/०८/०७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ट्रिप टु एभरेष्ट प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **नवीन ट्रेक्स एण्ड एडभेन्चर्स प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नवीन ट्रेक्स एण्ड एडभेन्चर्स प्रा.लि.** (प्रा.लि.नं.१४६७७०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७०/०४/१८ मा दर्ता कायम भएको **एस्टोरिका ट्राभल्स एण्ड टुर्स प्रा.लि.** (प्रा.लि.नं. ११४७६३/०७०/०७१) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/१०/२४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०३/०९ मा दर्ता कायम भएको **गोर्खा वाइल्डलाइफ रिसर्च सेन्टर प्रा.लि.** (प्रा.लि.नं. २३७३८९/०७६/०७७) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८१/१०/२४ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवं कोहि कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री श्रवण कुमार श्रेष्ठ/ लिक्विडेटर**
**इजाजत पत्र नं. ४०४/फोन नं. ९८५१२१७००४**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/२५**

यस कम्पनीको मिति २०८१/०५/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **डिलिजेन्ट फार्मेसी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **डिलिजेन्ट मेडिहेल्थ प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/१९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **डिलिजेन्ट मेडिहेल्थ प्रा.लि.** (प्रा.लि.नं.३०३२७७) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

### एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०

हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/१०/२५

यस बैंकको निक्षेपकर्ता श्री कालु सिह प्रजापतीको नाती, श्री राम प्रजापतीको छोरा, भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका, वडा नं. ०४ बस्ने श्री राम दास प्रजापती (ना.प्र.प.नं. २२१७, जारी मिति २०४३/०८/०५) ८७ वर्षको उमेरमा मिति २०८१/०९/१० गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको जेठी बुहारी गंगा लक्ष्मी प्रजापतीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको जेठी बुहारी गंगा लक्ष्मी प्रजापतीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### काठ/दाउरा कटानमुछान र संकलनको शिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२५ गते शुक्रबार**

यस कार्यालय अन्तर्गत राष्ट्रिय वन क्षेत्र तथा शमशेरगंज-माथेवास सरकारद्वारा व्यवस्थित (चक्ला) वनको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. २०८१/०८२ मा पुनरोत्पादन (ढलापडा समेत) कटान गर्नुपर्ने ८ वटा कम्पार्टमेन्टमा अनुमानित गोलिया काठ ९३,४०४.०४ घनफिट र दाउरा १७८.२१ चट्टाको छपान मूल्यांकन भई आएकोले उक्त कम्पार्टमेन्टहरूमा मूल्यांकन अनुसारको गोलिया काठ/दाउरा (परिमाण थप घट हुन सक्ने) कटानमुछान गरी घाटगद्धी गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भई सालबसाली नविकरण भएका इच्छुक काष्ठ व्यवसायी, व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालय वा वन निर्देशनालय, बुटवल, रूपन्देहीबाट शिलबन्दी बोलपत्र खरीद गरी ३१ औं दिनको मध्यान्ह २:०० बजेसम्म दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । साथै थप जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

**- डिभिजन वन कार्यालय, बाँके**

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २८२ माघ २४ गते २०८१ मा प्रकाशित **All Skills International Human Resource Pvt.ltd** को Lot No. 314825 को Sinopec Engineering Group Saudi Co.,Ltd कम्पनीको विज्ञापनमा कुवेतमा रोजगार हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
श्रम इजाजत नं १५७/०६७/०६८ E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

# Invitation for Bids
## Karaiyamai Rural Municipality

**Invitation for Bids No.:KRM/NCB/W/03/2081/082**

Date of publication: 07-02-2025 00:00

1. Karaiyamai Rural Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Blacktopped Road Construction under National Competitive Bidding procedures.The estimated amount for the works is Rs. (in NRs) 16713253.49 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal or may visit PPMO website www.bolpatra. gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Kumari Bank Ltd.
   Name of Office: Karaiyamai Rural Municipality
   Office Code no: 801022109
   Office Account no: 2610247287300005
   Rajaswa (revenue) Shirshak no.: 14229
4. Pre-bid meeting shall be held at Office of the Rural Municipal Executive Karaiya Bara at 27-02-2025 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Karaiyamai Rural Municipality, Bara, Madhesh Pradesh, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 09-03-202512:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 09-03-202513:00 at the office of Office of the Rural Municipal Executive Karaiya Bara.Bids must be valid for a period of 90days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e- bid, amounting to a minimum of NRs. 450000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


### साउदी/कुवेतमा रोजगार

कम्पनी : Modern Food Company

पूर्व स्वीकृति मिति : २०८१/०७/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 312437 | चलानी नं.६०२२६९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Noha Day Care Company

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 312830 | चलानी नं.६०२२७३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Teacher | 0 | 27 | 180 | ८१,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



### साउदी/कतारमा रोजगार

कम्पनी : Al Rujuh General Contracting Est. — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०७/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 313171 | चलानी नं.६०२२७६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 12 | 0 | 1000 | ३७,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Lassarat contracting and trading — शेवा शुल्कः १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०७/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 313193 | चलानी नं.६०२२७७५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 4 | 0 | 1800 | ६९,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman (Male) | 3 | 0 | 2500 | ९५,९०५ | | | | | | | |
| 3 | Labourer (Male) | 10 | 0 | 1100 | ४२,२०० | | | | | | | |
| 4 | Pipe Fitter | 10 | 0 | 1500 | ५७,५४५ | | | | | | | |
| 5 | Supervisor Construction | 3 | 0 | 2500 | ९५,९०५ | | | | | | | |
| 6 | Technician | 10 | 0 | 1500 | ५७,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



### युएईमा रोजगार

कम्पनी : ALWAFA FACILITY SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318337 | चलानी नं. ६०२३२५५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner (Male) | 150 | 0 | 900 | ३४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Female) | 0 | 45 | 900 | ३४,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम इजाजत नं. ४००/०६०/०६१



### युएइमा रोजगार

कम्पनी : AL BAHIYA TRADING AND SERVICES-SOLE PROPRIETORSHIP L.L.C.

पुर्व स्वीकृति मिति २०८१/१०/२३ | LT. No. 318306 | चलानी नं ६०२३२५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 100 | 50 | 800 | ३०,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्यहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले व्यहोर्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | - |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले
सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GSO GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com
Govt. License 756/064/65



### युएईमा रोजगार

कम्पनी : AL HANDASA AL ASPANIA GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318394 | चलानी नं. ६०२३२५७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 40 | 0 | 1000 | ३८,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 20 | 0 | 900 | ३४,३१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Friendship And Cooperation Recruitment Pvt.Ltd
श्रम इजाजत नं. १५८९/०७९/०८०
Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647
E-mail: fcmanpower1589@gmail.com



### साउदीमा रोजगार

कम्पनी : ROUMIEH MUDHAKIR AL-ROUQI CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318197 | चलानी नं. ६०२३२५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Staff | 1 | 0 | 1400 | ५२,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | MEAL PACKER | 2 | 0 | 1400 | ५२,९९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

International Trade Links Nepal Pvt. Ltd. Govt. License No. 706/064/065
INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com



### साउदी/युएइ/ओमनमा रोजगार

कम्पनी : HAYATH AL SHABAB ONE PERSON TRADING CO

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318358 | चलानी नं. ६०२३२५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Labor | 10 | 0 | 1000 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : JUMA SALMIN BUILDING CLEANING L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318207 | चलानी नं. ६०२३२५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 12 | 5 | 800 | ३०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROYAL STAR LINE

पूर्व स्वीकृति मिति : २०८१/०३/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 306701 | चलानी नं.६०२२१४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 82 | 0 | 100 | ३६,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 615/063/64
BROTHERS INTERNATIONAL EMPLOYMENT PVT. LTD. (The Link For Recruitment Consultancy Pvt.ltd.)
Gongabu-26, Kathmandu, Nepal, Contact: +977 5919811 / 5919812, E-mail : info@biegroups.com, Web: www.biegroups.com

# ‘काठमाडौं विश्वविद्यालयका विवाद अन्त्य नगरिए शैक्षिक गुणस्तरमा असर पर्नसक्छ’



**काठमाडौं (प्रस)**– काठमाडौं विश्वविद्यालयभित्र देखिएका विवादलाई समाधान गर्दै संस्थागत विकास र सुशासन कायम गर्न नसकिए विश्वविद्यालयको छविमा नकारात्मक असर पर्नेबारे चिन्ता व्यक्त गरिएको छ ।

शिक्षा पत्रकार समाजले बिहीबार यहाँ आयोजना गरेको अन्तरक्रियामा वक्ताहरूले विश्वस्तरीय मानकको सूचीमा पुऱ्याउन विश्वविद्यालयलाई अनुसन्धान र सीपमूलक शिक्षालाई जोड दिँदै समुदायसँगको सम्बन्ध सुमधुर तुल्याउनुपर्ने आवश्यक औंल्याइएका छन् ।

विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्रा.डा. अच्युत वाग्लेले संस्थागत विकास र सुशासनका क्षेत्रमा केही चुनौती भए पनि आफूले रजिस्ट्रार हुँदा सुशासन कायम गर्न सक्दो भूमिका निर्वाह गरेको बताए । उनले ३५ वर्षसम्म मानव स्रोत कसरी निर्धारण गर्ने भन्ने आधार निर्धारण नहुँदा विश्वविद्यालय र धुलिखेल अस्पतालका नेतृत्वबीचको मनमुटाव भएकाले विवाद बाहिर आएको उल्लेख गरे ।

प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको पहलमा गत यही माघ ४ गते बसेको विश्वविद्यालयको सभाले ती दुई संस्थाबीच पुनः सहकार्य जारी राख्नेसम्बन्धी सहजीकरण समितिको सुझावसहितको प्रतिवेदनलाई अनुमोदन गरेको थियो । विश्वविद्यालयको रिक्त उपकुलपति चयनका लागि संस्थापक उपकुलपति प्रा.डा. सुरेशराज शर्माको संयोजकत्वमा रहेको खोज तथा सिफारिस समितिले छनोटको मापदण्ड परिमार्जन गरी अनुसन्धान कार्यलाई कम अंकभार दिइएको तथा समितिका पदाधिकारीको नातेदार आवेदक भए पनि सिफारिसको निर्णयमा बस्न मिल्ने गराइएपछि विवाद बढेको थियो ।

उक्त विश्वविद्यालयका उपकुलपति प्रा.डा. भोला थापाको कार्यकाल यही माघ ६ गते सकिएको थियो । कार्यकाल सकिए पनि थापालाई निरन्तरता दिन सिफारिस समितिले कुलपतिसमक्ष सिफारिस गरेको विषय पनि विवादमा आएको थियो । कार्यक्रममा शिक्षाविद् एवं सो विश्वविद्यालयको स्कुल अफ एजुकेसनका डिन प्रा.डा. बालचन्द्र लुइँटेलले विश्वविद्यालयभित्रका समस्या नियन्त्रण गर्नै नसक्ने गरी बिग्रिनसकेको जिकिर गर्दै समुदायलाई साथमा लिएर अघि बढ्न सकेमा विद्यार्थीको आकर्षण बढ्ने बताए ।

शिक्षाविद् प्रा.डा. मनप्रसाद वाग्लेले खोज तथा सिफारिस समिति पुरानै ‘लिगेसी’को निरन्तता भएको बताए । उनले सिफारिस समितिले उपकुलपति छनोटको मूल्यांकन गर्ने कार्यविधिमा अनुसन्धानलाई बढी अंकभार दिने व्यवस्था संशोधन गरेकामा चिन्ता व्यक्त गरे । धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जुले समयको माग र सीपमूलक शिक्षामा विश्वविद्यालयले ध्यान दिन र स्थानीयवासीसँग समन्वय बढाउन आग्रह गरे ।

सिफारिस समितिले उपकुलपति पदमा गरेको पहिलोपटक सूचना जारी गर्दा १७ जनाको आवेदन परेको थियो । त्यसमा चिकित्सा क्षेत्रका उम्मेदवार आवेदन गर्न नमिल्ने खालको कार्यविधि बनाइएको भन्दै कुलपतिसमक्ष निवेदन दिएपछि उनको आग्रहमा समितिले यही माघ १८ मा दोस्रोपटक आवेदनका लागि सूचना प्रकाशन गरेको छ ।

# ‘एचपिभी खोपबाट किशोरीलाई वञ्चित हुन नदिऔं’

■ प्रभाव संवाददाता

**काठमाडौं**– स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले एचपिभी खोप अभियानबाट कुनै पनि किशोरीलाई वञ्चित हुन नदिन सबैको सहयोग आवश्यक रहेको बताएका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै उनले क्यान्सरको रोकथाम र प्रारम्भिक पहिचान गर्ने सरकारको लक्ष्य रहेको बताए ।

‘पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्याका रूपमा नरहने अवस्थामा पुऱ्याउने रणनीति लिएका छौं । सन् २०३० सम्ममा १० देखि १४ वर्षसम्मका ९० प्रतिशतलाई खोप दिने, ३० वर्षमाथिका ९० प्रतिशतलाई पाठेघरको मुखको क्यान्सर परीक्षण गर्ने र पाठेघरको मुखको क्यान्सर पहिचान भएका ९० प्रतिशतको उपचार गर्ने लक्ष्य छ,’ उनले भने ।



क्यान्सरबाट उत्पन्न हुने भार र मृत्युदर घटाउँदै क्यान्सरका बिरामीहरूको जीवनस्तरमा सुधार ल्याउने दूरदृष्टि सरकारको रहेको मन्त्री पौडेलले बताए । ‘नेपालको कूल मृत्युको ११ प्रतिशत हिस्सा क्यान्सरले लिएको छ । फागुन महिनालाई नसर्ने रोगको ‘स्क्रिनिङ’ महिनाको घोषणा गरी पाँच लाखको परीक्षण गर्ने व्यवस्था मिलाएका छौं,’ उनले भने ।

यही माघ २२ गतेदेखि सुरु भएको खोप अभियानमा हालसम्म खोपको कभरेज २७.६८ प्रतिशत रहेको बताउँदै हालसम्म चार लाख ६४ हजार ६२ जनाले खोप लगाइसकेको उनले जानकारी दिए । सांसद सुमना श्रेष्ठले पछि पनि खोप लगाउनलाई बजेट सुनिश्चित छ कि छैन भनी प्रश्न गरिन् । सांसद प्रेम सुवालले स्वास्थ्य बिमाको रकम नपाएको भन्दै अस्पतालले उपचार नगर्दा समस्या भएको बताए । सांसद लेखनाथ दाहालले गम्भीर प्रकृतिका रोग सस्तो भए पनि उपचार महँगो भएको बताउँदै सरकारी अस्पताल पहुँचवालाको बन्दै गएकामा जनताको बनाउन माग गरे ।

सांसद तोसिमा कार्कीले आवासीय चिकित्सकका समस्या समाधान गर्न माग गरिन् । सांसद हितराज पाण्डे, विनीता कठायत, सीताकुमारी राना, रोशन कार्की, छिरिङ लामा, रामहरि खतिवडा, प्रेमबहादुर महर्जनले मन्त्री पौडेललाई स्वास्थ्यका विविध विषयमा प्रश्न राखे ।

पृष्ठ १ बाट क्रमशः

## वैदेशिक रोजगार...

व्यवसाय गर्नेले केके कुराको पालना गर्नुपर्छ भनेर २०११ मा संयुक्त राष्ट्रसंघको ‘युनाइटेड नेसन्स् गाइडिङ प्रिन्सिपल अन बिजनेस एन्ड ह्युमन राइट्स’ निर्देशिका पारित भएको थियो । नेपालका व्यवसायीले यो निर्देशिका पालना गर्ने भनिए पनि यसको कार्यान्वयन भने हुन सकेको छैन । संयुक्त राष्ट्रसंघको उक्त प्रावधान कार्यान्वयनमा ल्याउन केही वर्ष अगाडि सरकारले राष्ट्रिय कार्ययोजना नै बनायो । यो कार्ययोजना बनाउन वैदेशिक रोजगार व्यवसायी पनि संलग्न थिए ।

ठगी, बेचबिखनजस्ता विषयबाट वैदेशिक रोजगार व्यवसाय अछुतो रहन सकेको छैन । विशेषगरी श्रम स्विकृती नभएका मुलुकहरूमा दोस्रो मुलुकबाट आउजाउ गर्दा यस्ता समस्याहरू दोहोरिएका छन् । यस खालका समस्याहरू विद्यामान रहेका स्वीकार्नु संघको सकारात्मक पक्ष भएको नेपालको भनाइ छ । ‘तर समस्या छ भनेर स्वीकार गर्ने तर समाधानका लागि सिन्को पनि भाँच्ने गर्नुभएन,’ नेपालले भने । यी विषयमा सुधार गर्न आवश्यक प्रक्रिया र साधनस्रोत देशभरका व्यवसायीको छाता संगठन नेपाल वैदेशिक रोजगार व्यवसायी संघले उपलब्ध गराइदिनुपर्ने उनको भनाइ छ । संघले नसकेको खण्डमा विश्व श्रम संगठन (आइएलओ), आप्रवासनका लागि अन्तराष्ट्रिय संगठन (आइओएम) यूएनडिपी जस्ता संस्थाले गर्ने विभिन्न खाले सहयोग लिन सकिने उनी बताउँछन् ।


### प्रदेश सरकार
### स्वास्थ्य मन्त्रालय
### स्वास्थ्य निर्देशनालय
कोशी प्रदेश
## जिल्ला अस्पताल उदयपुर
## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः- २०८१-१०-२५ (Feb 7, 2025)**

यस कार्यालयबाट मिति २०८१/०९/०९ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपसिल बमोजिमको ठेक्काको लागि म्यादभित्र E–Bid मार्फत रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन समितिको सिफारिश अनुसार देहायका उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित भई सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐनको दफा २७ को उपदफा १, २ र ३ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| DH-UDA-NCB/ Goods/02-2081-82 | Procurement of Color Doppler USG with Echo. | Capital Enterprises, Gawalakhel, Lalitpur | **26,19,500.00** (छब्बिस लाख उन्नाइस हजार पाँच सय मात्र) |

**प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट**



**सवारी चालक अनुमति पत्र हरायो**

मिति २०८१/१०/२२ गते धादिङ जिल्ला धुनिबेसि न.पा. देखि नौबिसे सम्ममा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरुसाथै सक्कली सवारी चालक अनुमतिपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : विश्व नाथ भट्ट
स.चा.अ.नं. ०५-५७२५२३
जारी मितिः २०५८-०१-२३
फोन : ९८२३२४४८६२
ठेगाना : धुनिबेशी न.पा. वडा नं. ७, नौबिसे



## दुर्गा भवानी सहकारी संस्थाको २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

दुर्गा भवानी बचत तथा ऋण सहकारी संस्था लि.को २६ औं वार्षिक साधारण सभा तपसील बमोजिमको मिति, समय र स्थानमा सम्पन्न गरिने व्यवस्था मिलाईएको हुँदा संस्थाका सबै सदस्य महानुभावहरूको उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**साधारण सभा कार्यक्रम, नाम दर्ता र हाजिरीः**
मिति : २०८१ साल फागुन ३ गते, शनिवार
समय : दिनको १ बजे
स्थान : दियो महल (ब्याङ्क्वेट), धुम्बाराही ।

**दुर्गा भवानी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
दुर्गा भवानी चोक, का.म.पा.-४, धुम्बाराही, काठमाडौं ।
फोनः ४५३७७६८, ४५४३०१३

साधारण सभामा भाग लिन परिचय-पत्र अनिवार्य गरिएको छ ।



**माइग्रेसन हराएको सूचना**

मितिः २०८१/०८/०४ गते कोटेश्वरबाट वानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : उपेन्द्र राणा
रजिस्ट्रेसन.नं.: ७७७००७११३
सिम्बोल नं.: २७०००३२७
ठेगानाः काठमाडौं
सम्पर्कः ९७६९९०५६५८



**साउदीमा रोजगार** कम्पनी : SHACO LIMITED COMPANY L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318270 | चलानी नं. ६०२३२५१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver / Heavy Driver | 2 | 0 | 1800 | ६७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504, 9851040203, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६



**माइग्रेसन हराएको सूचना**

मितिः २०८१/०८/०३ गते कोटेश्वरबाट बागबजारसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको CTEVT को डिप्लोमा तहको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : कल्पना तिवारी
रजिस्ट्रेसन.नं.: B-11324
ठेगानाः बानेश्वर
सम्पर्कः ९८६८२९०४०४



**साउदीमा रोजगार** कम्पनी : MOHAMMED BIN ABDULLAH BIN MOHAMMED AL MULHIM CAFE FOR SERVING DRINKS.

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318301 | चलानी नं. ६०२३२५२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1200 | ४४,८०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HALESI OVERSEAS PVT LTD**
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74



## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## बिधुतीय बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२५**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका तपसिलका योजनाहरु संचालन गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक फर्म कम्पनीले तपसिल उल्लेखित सर्तहरूको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धी सम्पूर्ण जानकारी प्राप्त गर्न www.bolpatra.gov.np/egp, यस कार्यालयको वेब साईट www.sabailamun.gov.np तथा सूचना पाटीमा हेर्न सकिनेछ ।

तपसिलः

| ठेक्का नं. | योजनाको नाम | बोलपत्र फारम दस्तुर (रू.) | जमानत रकम | फारम खरिद अवधि | फारम दाखिला अवधि | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| SM/Works/NCB/081/082/03 | Construction of Community Hall in Ramjanaki Mandir Enclave | ३०००/- | १०००००/- | २०८१/११/२५ कार्यालय समय सम्म | २०८१/११/२६ दिनको १२:०० बजे सम्म | २०८१/११/२६ दिनको ०२:०० बजे सम्म |
| SM/Works/SQ/081/082/02 | Construction of Community Hall Building | १०००/- | ४५०००/- | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको ०२:०० बजे सम्म |
| SM/Works/SQ/081/082/03 | Construction Of Drain in Ward No.7 | १०००/- | ४५०००/- | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको ०२:०० बजे सम्म |
| SM/Works/SQ/081/082/04 | Construction of Ramjanaki Mandir Ward No.12 | १०००/- | ५००००/- | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको १२:०० बजे सम्म | २०८१/११/११ दिनको ०२:०० बजे सम्म |

**प्रमुख प्रशाशकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सदनमा सत्ताकै जुहारी

प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहालले बिहीबार सदनलाई सम्बोधन गरे । सामान्यतय विपक्षी दलका नेताले सदनमा सम्बोधन गर्दा प्रधानमन्त्री उपस्थित हुनुपर्ने हो । तर प्रधानमन्त्री केपी शर्मा ओली दाहालको सम्बोधनमा देखिएनन् । बरु संसदमा विरलै देखिने कांग्रेस सभापति शेरबहादुर देउवा दाहाल बोल्दाबोल्दै टुप्लुक्क आइपुगे ।

भन्नलाई सदन विपक्षको भनिन्छ । तर सदन जनताको आवाज बुलन्द हुने ठाउँ हो । बिहीबारको सदनमा शुन्य समयमा जनताको समस्याका विषयमा आवाज उठेपनि विपक्षी दलका नेता र सत्ता पक्षका नेताहरूले विशेष समयमा सत्ताकै जुहारी खेले । माओवादी अध्यक्ष दाहालले शुरुमै वर्तमान सरकार कुनै पनि रूपमा सफल नदेखिएको भन्दै जुनसुकै बेला ढल्न सक्ने चेतावनी दिए ।

सरकार ढल्दैन भन्दै प्रधानमन्त्रीले दैनिक खाइरहने कसमबाट नै सरकार कति कमजोर रहेछ भन्ने प्रमाणित भएको दाहालको भनाई थियो । दाहालले सरकारको आलोचना र आफ्नो गुनगान गाउनेबाहेक बिहीबार एक घण्टा बोल्दा जनताका कुरा सम्भिनेनन् । विपक्षी दलले सरकारलाई बाटो देखाउने हो । विकासको लागि चुनौति दिने हो । तर दाहालले सरकारको आलोचनाबाहेक केही गरेनन् ।

नयाँ दलका युवा नेताहरूले पनि प्रतिप्रश्नबाहेक केही गरेको देखिएन । आएका कार्यक्रमहरू प्रश्न गर्ने, विरोधका लागि विरोध गर्नेबाहेक अरु काम सदनमा देखिएन । विपक्षी दलले एजेन्डा दिने हो, गल्ती भएका ठाउँमा यसरी गर्ने हो भनी पाठ सिकाउने हो । तर विपक्षी दलका नेताहरूले समस्या देखाएर त्यसलाई ठुलो बनाउने कामबाहेक सदनमा केही गरेको देखिएन ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका दाहालको भाषण पुरानै अभिव्यक्तिको 'कम्पाइल' सिवाय अरु थिएन । सरकारलाई मार्गदर्शन गर्ने कुनै टार्गेट नभएपछि दाहालको दैनिक अभिव्यक्ति हो – यो सरकार छिट्टै ढल्छ । यता प्रधानमन्त्री ओली उस्तै । उखान टुक्क र गीतका लय हालेर अरुलाई मोहित गराउने कला छ उनमा । यही कला देखाउँदै ओलीले माघ १८ गते सदनमा दाहाप्रति कटाक्ष गरेका थिए । सोही कटाक्षको जवाफ दाहालले बिहीबार फर्काएका हुन् । यसरी घन्टौ सदनमा बोल्न जनताका पीरमर्का सम्बोधन भए पो जननिर्वाचित प्रतिनिधि भन्दा सुहाउँछ । उही विरोधका लागि विरोध र प्रश्नका लागि प्रश्न उठाउँदै सत्ताको जुहारी खेल्नु परम्परागत शैली नै भएन र ?

**श्रम सरोकार**

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# बलियो बनाऔं-लोकतान्त्रिक संस्कृति



■ डा. शोभाकर पराजुली

लोकतान्त्रिक संस्कृति निर्माण एक जटिल र दीर्घकालीन प्रक्रिया हो । यसका लागि सबै तह र स्तरका भागीदारहरूको सक्रिय सहभागिता र समर्पण आवश्यक छ । राज्य शक्तिभन्दा जनशक्ति बलियो र निर्णायक हुन्छ । लामो बलिदानपछि प्राप्त लोकतन्त्रको रक्षार्थ जनता अडिग छन् तर राजनीतिक नेतृत्व तहमा पनि त्यसखालको प्रतिबद्धता नभएको हो कि भन्ने संशयले निराशा ल्याएको देखिन्छ । जनताको आक्रोश गणतन्त्रमाथि होइन, अवस्था र प्रवृत्तिका विरूद्ध हो । लोकतन्त्र भनेको पद्धतिमात्र होइन, प्रक्रिया हो । प्रक्रियामात्र पनि होइन, प्रवृत्ति र व्यवहार हो । पद्धतिको रटान दिएर मात्र हुँदैन, प्रक्रिया पनि कानुनसम्मत हुन जरूरी हुन्छ ।

मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्नु भनेको एक जटिल र दीर्घकालीन प्रक्रिया हो, जसले समाजका विभिन्न तह, संस्था र व्यक्तिहरूको सक्रिय सहभागिता र समर्पणको आवश्यकता पर्छ । लोकतन्त्र केवल संविधान र कानुनमा सीमित हुनु हुँदैन, यो जनताको मानसिकता, संस्कृति र दैनिक जीवनशैलीमा गहिरोरूपमा समावेश हुनुपर्छ । लोकतान्त्रिक संस्कृतिको निर्माणका लागि सबै पक्षहरूमा ध्यान दिन आवश्यक छ र यसका लागि विभिन्न कदमहरूको अवलम्बन गर्नुपर्छ ।

शिक्षा र जागरूकता लोकतान्त्रिक संस्कृति निर्माणको आधार हो । नेपालमा लोकतन्त्रका मूल्य, सिद्धान्त र महत्त्वका बारेमा जनतालाई शिक्षित गर्नु अत्यन्त आवश्यक छ । शिक्षाले नागरिकहरूलाई उनीहरूको अधिकार र कर्तव्यका बारेमा जानकारी दिन्छ र उनीहरूलाई लोकतान्त्रिक प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन प्रोत्साहित गर्छ । विद्यालयस्तरदेखि उच्च शिक्षासम्म लोकतान्त्रिक मूल्यहरूको शिक्षा अनिवार्य रूपमा समावेश गर्नुपर्छ । छात्रहरूको बहस, चर्चा र समस्या समाधानका लागि प्रशिक्षण दिने प्रक्रियाले दीर्घकालमा लोकतान्त्रिक संस्कृतिलाई बलियो बनाउन मद्दत पुऱ्याउँछ । साथै, नागरिक शिक्षाको प्रसार पनि यस प्रक्रियामा महत्त्वपूर्ण छ, जसले जनतालाई आफ्नो जिम्मेवारी बुझ्न र लोकतान्त्रिक प्रक्रियाप्रति सचेत बनाउँछ । यसले जनतालाई व्यक्तिगत र सामाजिक जिम्मेवारीहरूको बारेमा शिक्षित गरिन्छ र तिनीहरूलाई लोकतान्त्रिक अधिकारको महत्त्व र आवश्यकता बुझ्न मद्दत पुऱ्याउँछ ।

पारदर्शीता र जवाफदेहीता लोकतान्त्रिक संस्कृतिको अर्को महत्त्वपूर्ण आधार हो । सरकारी संस्थाहरूले आफ्नो कार्यप्रणालीमा पारदर्शीता र जवाफदेहीता कायम गर्नुपर्छ । भ्रष्टाचार, अनियमितता र असमानतालाई समाप्त गर्नका लागि कडा कानुनी प्रावधानहरू र तिनीहरूको प्रभावकारी कार्यान्वयन आवश्यक छ । सरकारले नागरिकहरूको प्रतिक्रिया सुन्नु, तिनीहरूको आवश्यकतालाई प्राथमिकता दिनु र नीति निर्माण प्रक्रियामा नागरिकहरूको सक्रिय सहभागिता बढाउनुपर्छ । यसबाट जनतामा सरकारप्रति विश्वास निर्माण हुन्छ र लोकतान्त्रिक प्रक्रियामा उनीहरूको आस्था बलियो बनाउँछ । सरकार र प्रशासनले आफ्ना कामकाजमा पूर्णरूपमा पारदर्शीता र जिम्मेवारी राख्नु आवश्यकता छ । यसले जनतालाई सरकारप्रति सकारात्मक दृष्टिकोण बनाउन मद्दत पुऱ्याउँछ । जवाफदेहीता सुनिश्चित गर्नका लागि लोकतान्त्रिक निकायहरूलाई मजबुत बनाउनु पनि उत्तिकै जरुरत पर्दछ, जसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गरोस् ।

स्वतन्त्र र निष्पक्ष मिडिया लोकतान्त्रिक संस्कृतिको अर्को एक अपरिहार्य अंग हो । मिडियाले सरकार, संस्था र व्यक्तिहरूका गतिविधिहरूमा निगरानी राख्ने, जनतालाई सूचना प्रदान गर्ने र सार्वजनिक मुद्दाहरूमा खुला बहस गर्ने महत्त्वपूर्ण जिम्मेवारी लिएको हुन्छ । स्वतन्त्र मिडियाले भ्रष्टाचार र अन्य अनियमितताको विरुद्ध आवाज उठाउन सक्छ र नागरिकलाई सचेत बनाउँछ । त्यसैले मिडियाको स्वतन्त्रता र सुरक्षा सुनिश्चित गर्नु अत्यावश्यक छ । साथै, पत्रकारहरूको उचित प्रशिक्षण र संरक्षणमा ध्यान दिनुपर्छ, ताकि उनीहरू आफ्नो काममा निष्पक्ष र जिम्मेवार बन्न सकून् । मिडियाले लोकतान्त्रिक प्रक्रियामा जनताको आवाजलाई प्रकट गर्ने महत्त्वपूर्ण भूमिका खेल्दछ र यसले सरकार र सार्वजनिक निकायहरूसम्म जनताको आवाज पुऱ्याउनमा मद्दत गर्छ ।

राजनीतिक दलहरूको भूमिका लोकतान्त्रिक संस्कृतिमा महत्त्वपूर्ण छ । राजनीतिक दलहरूले लोकतान्त्रिक मूल्यहरूको पालना गर्नुपर्छ र आफ्ना आन्तरिक क्रियाकलापमा पारदर्शीता र जवाफदेहीता ल्याउनुपर्छ । दलहरूले जनताको आवाजलाई प्रतिनिधित्व गर्ने, नीति निर्माण प्रक्रियामा सहभागी हुने र राष्ट्र निर्माणमा योगदान दिने जिम्मेवारी लिनुपर्छ । स्वस्थ प्रतिस्पर्धा र बहसले लोकतन्त्रलाई बलियो बनाउँछ र राजनीतिक दलहरूबीचको सहकार्यले लोकतान्त्रिक प्रक्रियामा सुधार ल्याउँछ । यसका साथै, युवा र महिलाहरूलाई राजनीतिमा सहभागी गराउनुले लोकतान्त्रिक प्रक्रियामा समावेशिता र प्रतिनिधित्व सुनिश्चित गर्न मद्दत गर्छ । राजनीतिक दलहरूको पारदर्शीता र जिम्मेवारी नागरिकको विश्वासको आधार हो र यसले देशको समृद्धि र सामाजिक समावेशिता सिर्जना गर्न मद्दत पुग्दछ ।

नागरिक समाजको सक्रिय भूमिका लोकतान्त्रिक संस्कृतिका लागि अत्यन्त महत्त्वपूर्ण छ । गैरसरकारी संस्था, सामुदायिक समूह र स्वयंसेवी संस्थाहरूले समाजका विभिन्न समूहहरूको आवाज उठाउने, सामाजिक न्यायका लागि आन्दोलन गर्ने र सरकारलाई जवाफदेही बनाउन मद्दत गर्छन् । यी संस्थाहरू जनतालाई संगठित गर्दै तिनीहरूको अधिकारका लागि लड्न र लोकतान्त्रिक मूल्यहरूको प्रचार गर्न महत्त्वपूर्ण भूमिका खेल्छन् । नागरिक समाजलाई स्वतन्त्ररूपमा काम गर्न दिने, तिनीहरूलाई सुरक्षा र संरक्षण प्रदान गर्ने र तिनीहरूको योगदानलाई मान्यता दिने प्रक्रिया लोकतान्त्रिक संस्कृति निर्माणमा महत्त्वपूर्ण छ । गैरसरकारी संस्थाहरूले जनतालाई सचेत बनाउने र तिनीहरूको अधिकारको बारेमा जानकारी प्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् ।

समावेशी र समानतामूलक समाज निर्माण लोकतान्त्रिक संस्कृतिको आधार हो । नेपाल विविध जाति, भाषा, धर्म र संस्कृतिको देश हो । यी विविधतालाई सम्मान गर्दै समानतामूलक समाज निर्माण गर्नु अत्यन्त आवश्यक छ । सबै नागरिकलाई समान अवसर, अधिकार र सुविधाहरू प्रदान गर्ने, भेदभाव र असमानतालाई समाप्त गर्ने र सबैलाई राष्ट्रनिर्माणमा सहभागी बनाउने प्रयासले लोकतन्त्रलाई बलियो बनाउँछ । विशेषगरी, महिला, दलित, अल्पसंख्यक र पिछडिएका समुदायहरूको सशक्तीकरणले समाजलाई समृद्ध र न्यायपूर्ण बनाउँछ । समानताको सुनिश्चितता र समावेशिताले मात्र लोकतान्त्रिक प्रक्रियामा विश्वास कायम राख्न सकिन्छ ।

कानुनको शासन र न्यायपूर्ण प्रणाली लोकतान्त्रिक संस्कृतिका लागि अपरिहार्य छ । नेपालमा कानुनले सबैलाई समानरूपमा लागू हुनुपर्छ र न्याय प्रणालीले निष्पक्ष र पारदर्शी रूपमा काम गर्नुपर्छ । न्यायिक स्वतन्त्रता र निष्पक्षता नागरिकको अधिकारको रक्षा गर्न महत्त्वपूर्ण छन् । कानुनी सुधार र न्याय प्रणालीको क्षमता विकासले लोकतान्त्रिक संस्कृतिलाई अझ बलियो बनाउँछ र नागरिकमा विश्वास निर्माण गर्छ । यसले जनतालाई आफ्नो अधिकारको रक्षा गर्न प्रोत्साहित गर्दछ । न्याय र कानुनी प्रक्रियाको पारदर्शीता नेपालमा लोकतान्त्रिक संस्कृतिको सबैभन्दा महत्त्वपूर्ण पाटो हो ।

अन्ततः लोकतान्त्रिक संस्कृति निर्माणका लागि दीर्घकालीन दृष्टिकोण र समर्पण आवश्यक छ । यो काम एकैचोटी वा अल्पकालमा हुने कुरा होइन । लोकतान्त्रिक संस्कृतिका मूल्यहरू समाजका सबै वर्गले आत्मसात् गर्नुपर्छ र तिनीहरूलाई दैनिक जीवनमा कार्यान्वयन गर्नुपर्छ । सरकार, राजनीतिक दल, नागरिक समाज, मिडिया र जनताको संयुक्त प्रयासले मात्र नेपालमा मजबुत लोकतान्त्रिक संस्कृति निर्माण गर्न सकिन्छ । यदि यी सबै क्षेत्रहरूमा समन्वित र दीर्घकालीन प्रयासहरू गरिन्छ भने नेपालमा लोकतान्त्रिक संस्कृति दृढ र समृद्ध हुने छ । यसले देशलाई एक समृद्ध, न्यायपूर्ण र शान्तिपूर्ण राष्ट्र बनाउने मार्गप्रशस्त गर्ने छ ।

सारांशमा, लोकतान्त्रिक संस्कृति निर्माण एक जटिल र दीर्घकालीन प्रक्रिया हो । यसका लागि सबै तह र स्तरका भागीदारहरूको सक्रिय सहभागिता र समर्पण आवश्यक छ । राज्य शक्तिभन्दा जनशक्ति बलियो र निर्णायक हुन्छ । लामो बलिदानपछि प्राप्त लोकतन्त्रको रक्षार्थ जनता अडिग छन् तर राजनीतिक नेतृत्व तहमा पनि त्यसखालको प्रतिबद्धता नभएको हो कि भन्ने संशयले निराशा ल्याएको देखिन्छ । जनताको आक्रोश गणतन्त्रमाथि होइन, अवस्था र प्रवृत्तिका विरुद्ध हो । लोकतन्त्र भनेको पद्धतिमात्र होइन, प्रक्रिया हो । प्रक्रियामात्र पनि होइन, प्रवृत्ति र व्यवहार हो । पद्धतिको रटान दिएर मात्र हुँदैन, प्रक्रिया पनि कानुनसम्मत हुन जरुरी हुन्छ । जनताले गणतन्त्रमार्फत प्राप्त गर्न खोजेका अपेक्षा पाउन सके भने मात्रै आशा जगाउन सक्छ । टुटेको आशालाई विश्वासमा परिणत गर्न नवीन सोच राख्नुपर्छ । लोकतन्त्रका मूल्यहरूको समावेश र पालनले नै नेपाली समाजलाई अझ समृद्ध र समान बनाउँछ । यसले केवल संस्थागत सशक्तीकरण मात्र होइन, सामाजिक र सांस्कृतिक परिवर्तन पनि ल्याउँछ, जसले समग्र राष्ट्रको भविष्य उज्ज्वल बनाउन मद्दत पुऱ्याउँछ । *रासस*

# संविधान संशोधन अग्रगमनका लागि हुनुपर्छ



■ रेखा शर्मा

पछिल्लो समय संसद्को प्रभावकारिताबारे प्रश्न उठ्न थालेको छ । संसद्लाई कति सक्रिय र प्रभावकारी बनाउने भन्ने कुरा सरकारले संसद्लाई दिने 'बिजनेस'मा निर्भर हुन्छ । कुनै पनि विषयमा सदनमा पर्याप्त छलफल गरी उचित निर्णयमा पुग्न सकियो भने त्यसको नतिजा पनि देखिन्छ ।

प्रतिनिधिसभाको समग्र नेतृत्व सभामुखले गर्ने भएकाले उहाँले पनि आवश्यक छलफल, पूर्वतयारी र कार्यसूची बनाएर संसद्लाई गतिशील एवं प्रभावकारी बनाउनतर्फ ध्यान दिनुपर्दछ । संसद्को हिउँदे अधिवेशन विधेयक अधिवेशन पनि हो । यसलाई मूल रूपमा सरकारले पर्याप्त बिजनेस दिने र संसद्ले तदारुकताका साथ अघि बढाउने कुरालाई प्राथमिकता दिनुपर्छ । संसद्को प्रभावकारिता संसदीय समितिमा विचाराधीन विधेयकहरूमाथि कति महत्त्वका साथ छलफल हुन्छ र नतिजा निकालिन्छ भन्ने कुरामा पनि भर पर्छ ।

सांसदहरूले आफ्नै प्रयासमा गैरसरकारी विधेयक संसद्मा ल्याउने चलन हामीकहाँ निकै कम छ । विधायकको भूमिकामा भन्दा पनि सांसदहरू विकास निर्माणका काममा बढी जोडिने गरेका भनेर आलोचना हुने गरेको छ । यसमा आंशिक सत्यता पनि छ । किनकि, सांसदहरूको मूल्यांकन नै उनीहरूले आफ्नो निर्वाचन क्षेत्रका लागि के-कति काम गरे भन्नेसँग जोडेर हेर्ने गरियो । सांसद निर्वाचित भएर आइसकेपछि विधायकको भूमिका मुख्य हुने र विकास निर्माणसँग जोडिएका काम सहायक हो भनेर हामी आफैंले बुझाउन सकेनौं । एउटा निर्वाचित सांसदले आफ्नो क्षेत्रमा विकास निर्माणको काम गरेन, आयोजना पारेन भने उसको मूल्यांकन त्यसैअनुसार हुने परिपाटी सुरुदेखि नै चल्यो । यसकारण सांसदहरू आफ्नो क्षेत्रका योजना माग्ने र त्यसको रेखदेखका काममा केन्द्रित हुनुपर्ने बाध्यात्मक अवस्था पनि छ । यद्यपि, यो कसैको रुचिको विषय पनि हुनसक्छ ।

संसद्मा पेस भएका विधेयकलाई व्यवस्थित, बलियो र कार्यान्वयनयोग्य कानुनको रूप दिन सांसदहरूले पनि आफूलाई निखार्दै लग्नुपर्ने छ । विकास-निर्माणका काममा बढी लाग्ने तर कानुन निर्माणमा कम खटिने सांसदहरूले आफ्नो समीक्षा गर्न जरुरी छ । जनतालाई धारा, खानेपानी, बाटो, सिँचाइलगायत विकास पूर्वाधार बनाउने भनेर निर्वाचनका 'एजेण्डा' बनाइसकेपछि नागरिकले त्यसको अपेक्षा गर्नु स्वाभाविक नै हो । यो अप्ठ्यारो परिस्थितिबारे जनतालाई बुझाउँदै जानुपर्ने खाँचो छ । सँगसँगै हाम्रो निर्वाचन प्रणालीबारे हामीले समीक्षा गर्नुपर्ने बेला आएको छ ।

अहिले संविधान संशोधनको विषय पनि आएको छ । सबैभन्दा मुख्य कुरा विद्यमान संविधानका राम्रा पक्ष कार्यान्वयनमा जोड दिइनुपर्दछ । संविधान बनेको १० वर्ष पुग्नै लाग्दा एक दशकमा पुनरवलोकन गर्नु एक हिसाबले जायज पनि हो । तर वर्तमान सत्तारुढ गठबन्धनले संविधान संशोधनका विषयमा गरेको सहमति प्रायोजित देखिँदै छ । किनभने संविधान संशोधनका विषयमा इमानदारिता हुन्थ्यो भने आजका दिनसम्म छलफल सुरु भइसक्नुपर्थ्यो । संशोधनको प्रक्रिया, सरोकार भएकाहरूसँग छलफल केही पनि भएको देखिँदैन ।

संविधान संशोधनप्रति माओवादी केन्द्रको सहमति नै छ । संविधान निर्माणका क्रममा पनि हामीले दलगत र व्यक्तिगतरूपमै पनि फरक मत राखेका थियौं । तर संविधान संशोधनमार्फत स्थायित्व खोज्नेभन्दा पनि उत्पीडित जाति, समुदायको अधिकार संकुचित गरेर जाने शैलीप्रति हाम्रो विमति छ । सकारात्मक र प्रगतिशील विषयहरूलाई समेटेर संविधान संशोधन गर्ने विषयमा हाम्रो आपत्ति छैन । संविधान संशोधन भन्दै गर्दा त्यहाँ सांस्कृतिक स्वरूपका कुरा छन् । निर्वाचन प्रणालीका कुरा छन् । उत्पीडित जाति, क्षेत्र, लिंग, समुदायलाई अधिकार सम्पन्न बनाउने कुराहरू छन् । तर सरकार नै यसका लागि इमान्दार भएर देखापरेको छैन । संविधान संशोधन भनेको सरकार बनाउनका निमित्त राजनीतिक एजेण्डा देखाएको जस्तो मात्रै भएको छ । आजका दिनसम्म कुनै गम्भीर छलफल र प्रक्रिया नथालेको सरकारले कसरी संविधान संशोधन गर्छ भन्ने प्रश्न छ । अग्रगमनका लागि संविधान संशोधन गर्न हामी सधैं तयार छौं ।

आमनागरिकका समृद्धिका आकांक्षा पूरा हुन नसक्दा विद्यमान व्यवस्थाप्रति नै वितृष्णा उत्पन्न हुने परिस्थिति निर्माण हुँदै छ । यसमा हाम्रो खराब कार्यशैली एउटा मुख्य कारण हो । हामीले लामो संघर्ष र बलिदानबाट लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थपना गरेका हौं तर यो व्यवस्था सञ्चालन गर्नेहरू सुध्रिन सकेनन् । सुशासन कायम गर्नेजस्ता पेचिला प्रश्नहरूमा पछिल्ला सरकारहरू चुक्दै गएका छन् ।

झण्डै दुईतिहाइ बहुमतको वर्तमान सरकारले महँगी नियन्त्रण, सुशासन कायम गर्नेजस्ता कुरामा प्रभावकारी ढंगबाट काम गर्न सकिरहको छैन ? हामी प्रतिपक्षीले हेर्दा सरकारले यी तमाम विषयमा आफूलाई कहीँकतै सुधार्न सकेको देखिन्न । जनताले विश्वास गर्नसक्ने गरी समयमै कार्यशैलीमा सुधार नल्याउने हो अझ निराशा बढ्छ । अन्ततः व्यवस्थाप्रति नै निराशा जाग्ने र त्यसले मुलुकलाई थप अस्थिरतातर्फ धकेल्न सक्छ । जनतालाई आशावादी बनाउनका लागि शासक र शासन व्यवस्था सञ्चालन गर्नेहरूको प्रवृत्ति सुधार नै मुख्य कुरा हो । राजनीति गर्ने मानिसको संस्कार, आचरण सुधार गर्नुपर्ने खाँचो छ । हामी प्रतिपक्षमा रहेकाले खबरदारी गर्छौं । भ्रष्टाचार र अनियमितताका सवालमा सरकारलाई घचघच्याइरहन्छौं । जनतासम्म पुग्ने, उनीहरूका कुरा सुन्ने र सदनमार्फत ती कुरा सरकारसमक्ष पुऱ्याउने काम हामीले गरिरहेका छौं ।

अघिल्लो सरकारमा मैले करिब डेढ वर्ष सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मेवारी सम्हालेँ । त्यस अवधिमा मैले के काम गरेँ र के गर्न सकिनँ भनेर लिपिबद्ध गरेकी छु । मैले जिम्मेवारीमा रहँदा गरेका केही कामहरूका परिणाम आइरहेका छन् । सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक म मन्त्रालयको जिम्मेवारीमा हुँदा नै तयार पारिएको थियो । त्यो अहिले संसद्मा दर्ता भएको छ । विभिन्न सेवा प्रदायकहरूको कार्यक्षमता सुधार तथा विस्तार, सरकारी राजस्वमा दाखिला हुनुपर्ने रकमको असुलीलगायत कार्यलाई हामीले प्राथमिकतामा राखेका थियौं । उक्त कदमले सञ्चार मन्त्रालयको बेरुजु घटेको छ भने राजस्व बढेको छ ।

*(प्रतिनिधिसभा सदस्य एवं पूर्वसञ्चारमन्त्री शर्मासँग राससका समाचारदाता हेमन्त जोशीले गरेको कुराकानीमा आधारित)*

# बेलायतका अधिराजकुमारले काठ खोप्न थालेपछि...



**भक्तपुर–** भक्तपुरको सरस्वती स्कुल अगाडिको गल्लीमा परम्परागत शैलीमा रहेको नेपाल भोकेसनल एकेडेमीको आँगनमा अधिकांश कालिगढहरू काठमा बुट्टा भर्ने काममा तल्लीन थिए । नजिकै पृथ्वीनारायण शाहको पूर्णकदको ढलौटका बिहाल मूर्ति, लहरै रहेका अन्य कलात्मक मूर्तिहरू थिए ।

नेपाल भ्रमणमा रहेका संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार डुयक अफ एडिनब्रा एडवार्डसहितको टोलीले बुधबार जब यस क्षेत्रमा प्रवेश गरे, यिनै दृश्यले उनको नजर तान्यो ।

उनले कालिगढको कलामा आफू पनि सहभागी हुने चाहना व्यक्त गरे । कालिगढले कसरी कलात्मक काष्ठकला निर्माण गर्ने भनेर सिकाए । त्यसपछि अधिराजकुमारले हातमा हथौडा र ज्यावल समातेर काठमा बुट्टा खोप्न थाले ।

नेपाल भोकेसनल एकेडेमीका प्रमुख एवं सम्पदाविद् रवीन्द्र पुरीको निमन्त्रणमा भक्तपुरको ऐतिहासिक कलाकृतिको अवलोकन गर्न बेलायती राजदूत रोब फेन दम्पतिसहित भक्तपुर पुगेका उनले काष्ठकलामा बुट्टा भर्नुका साथै रुचिपूर्वक यहाँका कलाकृति अवलोकन गरे । एकेडेमीले पछिल्लो युवापुस्तालाई काष्ठकलादेखि मूर्तिकलाबारे तालिम दिएर सीप हस्तान्तरण गर्दै संरक्षण गरिरहेको एकेडेमीका प्रमुख एवं सम्पदाविद् पुरीले जानकारी गराए । अधिराजकुमार एडवार्डले एकेडेमीले यस कार्यको प्रशंसा गरे ।

अधिराजकुमार एडवार्डसहितको टोलीलाई पुरीले भक्तपुर दरबारस्क्वायरमा स्वागत गर्दै यहाँका ऐतिहासिक कलाकृतिबारे जानकारी गराएका थिए । त्यसपछि न्यातापोल (पाँचतले मन्दिर), नमूना घर, दत्तात्रय मन्दिरलगायतको अवलोकन गरी भोकेसनल एकेडेमी पुगेको थियो । उनले नागपोखरीस्थित वासुकी घरकोसमेत अवलोकन गरी भक्तपुरमा तीन घण्टाको भ्रमण टुंग्याए ।

बुधबार नै बेलायती अधिराजकुमारी डचेस सोफीले भक्तपुर अस्पतालको प्रसूति 'वार्ड'को अवलोकन गरिन् । अधिराजकुमार एडवार्ड र अधिराजकुमारी सोफी छुट्टाछुट्टै कार्यक्रममा भक्तपुर आएका थिए । बुधबार नै सानोठिमीस्थित एसओएस बालग्रामकोसमेत अधिराजकुमार एडवार्डले अवलोन गरेका थिए ।

मंगलबार नेपाल आएका उनीहरू काठमाडौंस्थित बेलायती दूतावास, गोदावरीस्थित राष्ट्रिय वनस्पति उद्यान, अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), पोखरालगायत स्थानमा भ्रमणमा जाने कार्यक्रम रहेको छ । बेलायतका महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको थियो । *रासस*

# बन्दीपुरको मौलिकता जोगाउन गाउँपालिकाको कडाइ

**तनहुँ (प्रस)–** पहाडकी रानी उपनामले परिचित बन्दीपुर बजारको मौलिकता र सौन्दर्य जोगाइ राख्न स्थानीय तहले कडाइ गर्न थालेको छ । विकास गतिविधि, सार्वजनिक र निजी संरचना निर्माणको क्रम बढ्दै जाँदा बजारको ऐतिहासिक पहिचानलाई कायम राख्नु सबैको दायित्व रहेको बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा बताउँछन् ।

उनले यहाँको सौन्दर्यका लागि घरका बाहिरी गल्ली (करिडोर) खुला राख्न र व्यापारिक भवन तथा पसल अगाडि सामान नराख्न आग्रह गरिएको बताए । 'व्यवसायीले पसल अगाडिको सार्वजनिक क्षेत्रमै कारोबार गर्ने, टेबल, कुर्सी राख्ने समस्या छ । त्यसैले अधिकतम् एउटा टेबल र तीनवटा कुर्सीमात्र राख्न पाउने व्यवस्था गरिएको छ,' अध्यक्ष थापाले भने, 'व्यवसायीहरूलाई पसलबाहिर सामान राखेर बिक्री-वितरण नगर्न, ग्राहकले देख्नेगरी मूल्यसूची अनिवार्य राख्नुपर्ने नियम लागू गरिएको छ । बजार क्षेत्रका व्यापारिक प्रयोजनका लागि प्रयोग गरिएका 'फ्लेक्स बोर्ड'हरू तुरुन्त हटाएर काठ वा हस्तलिखित बोर्डहरू राख्नुपर्ने निर्णय भएको छ ।'

बजार क्षेत्रबाहिर टेबल कुर्सीमा मदिरा सेवन तथा धूमपान गर्न कडाइ गरिएको छ । यस निर्णयलाई कार्यान्वयन गर्न गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, राजस्व प्रमुख दिनेश पौडेल, राजनीतिक दलका प्रतिनिधिहरू, प्रहरी तथा पत्रकारहरूको टोलीले संयुक्तरूपमा बजार अनुगमन सुरु गरिएको छ । हालै भएको अनुगमनका क्रममा व्यवसायीहरूलाई नियम पालना गर्न आग्रह गरिएको छ भने नियम उल्लंघन गरेमा कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

यदि कसैले नियम उल्लंघन गरेको पाइएमा पाँच हजार रूपैयाँसम्म जरिवाना गरिने अध्यक्ष थापाले बताए । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरू, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायतका स्थलहरू यहाँ आउने पर्यटकहरूका लागि आकर्षणका केन्द्रका रूपमा रहेका छन् ।

सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृंखला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ । प्राकृतिक सुन्दरता बोकेको बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायत हिमशृंखला देखिने भएकाले यहाँ पुग्ने जो कसैको मन लोभिने गर्दछ ।

# हिउँदे वर्षा नहुँदा समस्यामा किसान

**जुम्ला–** जिल्लामा यस वर्षको हिउँद याममा वर्षा र हिउँ नपर्दा बाली सुक्दै गएपछि यहाँका किसान समस्यामा परेका छन् । हिउँदेबाली सुक्न थालेको तिला गाउँपालिका-१ का स्थानीयवासी जय बुढाले जानकारी दिए ।

गाउँमा सिँचाइको सुविधा नहुँदा आकासे पानीको भरमा कृषकले खेतीपाती गर्दै आएकाछन् । लामो समयदेखि वर्षा नहुँदा किसानले लगाएका हिउँदेबाली सुक्न थालेको छ । यस याममा विशेषगरी स्याउका नयाँ विरुवा लगाउने समय हो । माघको अन्तिम साता भइसक्दा पनि वर्षा र हिउँ नपर्दा यहाँका किसानलाई सास्ती उनको भनाइ छ ।

जिल्लामा हिउँदेबालीको रूपमा गहुँ, जौ र विभिन्न तरकारी लगाइन्छ । हाल यी बाली वर्षा र हिउँ नपर्दा बारीमै सुक्न थालेपछि जिल्लाका कृषक चिन्तित बनेका छन् । विगतका वर्षहरूमा समय-समयमा पानी तथा हिउँ पर्ने गरेको थियो । यो वर्षको समयमै वर्षा नहुँदा उब्जनीमा ह्रास आउने यहाँका किसानको भनाइ छ ।

विगतका वर्षहरूमा हरेक हिउँदमा हिउँ पर्ने गरेको थियो र उब्जनी धेरै हुन्थ्यो । तर पछिल्लो वर्षहरूमा हिउँ सारै कम परिरहेकोले उब्जनीमासमेत कमी भएको छ । सिँचाइको सुविधा नहुँदा हिउँदेबालीमा असर भइरहेको तिला गाउँपालिका-१ का वडाध्यक्ष जंगबहादुर बस्नेतको बताए । जिल्लाभर कूल दुई लाख ५३ हजार १०० हेक्टर क्षेत्रफल जमिन रहेको छ । यसमा ३८ हजार ४८६ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन छ भने २६ हजार ४३५ हेक्टर क्षेत्रफलको जमिनमा खेती गरिएको छ । सिँचाइ गर्न योग्य जमिन तीन हजार ६५० रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वय एकाइ जुम्लाका प्रमुख खेमराज शाहीले जानकारी दिए । जिल्लाको कूल क्षेत्रफलमध्ये १५.२१ प्रतिशत खेतीयोग्य जमिन रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जुम्लाले जनाएको छ । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : Khalid Ali AlKharafi & Bros Co. for Construction & Contracting K.S.C.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318229 | चलानी नं. ६०२३२५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CNC Router Machine Operator | 2 | 0 | 180 | ८१,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 3 | 0 | 180 | ८१,६९५ | | | | | | | |
| 3 | Erector | 15 | 0 | 140 | ६३,५४० | | | | | | | |
| 4 | Fabricator | 20 | 0 | 140 | ६३,५४० | | | | | | | |
| 5 | Facbrication Foreman | 4 | 0 | 280 | १२७,०८५ | | | | | | | |
| 6 | Labour | 15 | 0 | 95 | ४३,११५ | | | | | | | |
| 7 | Land Seveyor | 3 | 0 | 500 | २२६,९३५ | | | | | | | |
| 8 | Safety Officer | 3 | 0 | 380 | १७२,४७० | | | | | | | |
| 9 | Steel Fitter | 20 | 0 | 140 | ६३,५४० | | | | | | | |
| 10 | Welder | 15 | 0 | 110 | ४९,९२५ | | | | | | | |

कम्पनी : Strobe Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318282 | चलानी नं. ६०२३२५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER (FEMALE) | 0 | 4 | 150 | ६८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Measure Food Supplies Company

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318281 | चलानी नं. ६०२३२५६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 0 | 1 | 100 | ४५,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 0 | 6 | 120 | ५४,४६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## रोमानियामा रोजगार

कम्पनी : UMAN CARE RECRUITING S.R.L. — भूलसुधार

पूर्व स्वीकृति मिति : २०७९/१२/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२१ | LT. No. 283876 | चलानी नं. ६०१९९३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 550 | ७७,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook Helper | 10 | 0 | 550 | ७७,२१५ | | | | | | | |
| 3 | Factory Worker | 20 | 10 | 550 | ७७,२१५ | | | | | | | |
| 4 | General Worker | 40 | 10 | 550 | ७७,२१५ | | | | | | | |
| 5 | Shuttering Carpenters | 10 | 0 | 650 | ७७,२१५ | | | | | | | |
| 6 | Waiter | 10 | 0 | 550 | ७७,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Sunsari, Itahari, Munal Training Centre मा मितिः २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ । सम्पर्कः ९८०२७५४३७३
Chitwan, Bharatpur, Garden Resort मा मितिः २०८१ फागुन ४ गते (16th Feb. 2025) मा हुनेछ । सम्पर्कः ९७६१८९०७९३
Jhapa, Birtamode, CP Hotel मा मितिः २०८१ फागुन ५ गते (17th Feb. 2025) मा हुनेछ । सम्पर्कः ९८५२६४१९९९
Kaski, Pokhara, Lekhnath Metro City, Bajeko Sekuwa मा मितिः २०८१ फागुन ५ र ६ गते (17 & 18 Feb. 2025) मा हुनेछ । सम्पर्कः ९८०२८५३४४९

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LAL DHANUS INTERNATIONAL SERVICE PVT. LTD.

Mahankal, Boudha, Kathmandu, Nepal, Contact: 9802021369

E-mail : info@laldhanus.com, Web: www.laldhanus.com

श्रम ईजाजत नं. ५७६/०६२/०६३

## कतारमा रोजगार

कम्पनी : JAH Intellectual Property

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. 318265 | चलानी नं. ६०२३२४६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administration Staff | 2 | 0 | 3000 | ११४,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 318265 मितिः २०८१/१०/२४ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD

Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169

Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## कतारमा रोजगार

कम्पनी : ALALAM AL JADEED COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२२ | LT. No. 318196 | चलानी नं. ६०२३२४३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३८,३६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Receptionist (Female) | 0 | 2 | 1100 | ४२,१९८ | | | | | | | |
| 3 | Sales Supervisor | 0 | 2 | 3000 | ११,५०८६ | | | | | | | |
| 4 | Sales-Man | 1 | 0 | 1300 | ४९,८७० | | | | | | | |
| 5 | Store Keepers | 3 | 0 | 1900 | ७२,८८७ | | | | | | | |
| 6 | Supervisor | 0 | 2 | 3000 | ११,५०८६ | | | | | | | |
| 7 | Supervisor-Sala Area | 3 | 0 | 3000 | ११,५०८६ | | | | | | | |

प्रि-अन्तरवार्ता हुने स्थानहरु :
- जनकपुर धाम, धनुषामा मितिः २०८१ माघ २८ गते (10th Feb. 2025) मा हुनेछ ।
- इटहरी-६, सुनसरीमा मितिः २०८१ माघ २९ गते (11th Feb. 2025) मा हुनेछ ।
- पृथ्वीचोक-८ पोखरामा मितिः २०८१ फागुन १ गते (13th Feb. 2025) मा हुनेछ ।
- कालिकानगर, बुटवलमा मितिः २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।
- नेपालगंज बाँकेमा मितिः २०८१ फागुन ३ गते (15th Feb. 2025) मा हुनेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मितिः २०८१ फागुन १० गते (22nd Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 290/059/60

NEPAL PLACEMENT AGENCY PVT. LTD.

Shuberna Shamsher Marg, Ward No. 4, Baluwatar, Kathmandu, Nepal

Tel: +977-1-4531239, 4532999, Email : info@npajobs.com, Web : www.npajobs.com


## Mayadevi Rural Municipality
## Office of the Rural Municipal Executive

Barewa, Rupandehi

### Invitation for Sealed Quotation

**Notice No: 07 /MRMUN/SQ/Works/2081-82**

**Date of First Publication: 7th Feb, 2025**

1. **Mayadevi Rural Municipality, Barewa Rupandehi** invites electronic Sealed quotations from registered Bidders for the Construction of various item as specified below under Sealed quotations – Single Stage One Envelope Bidding procedures.

| Contract ID | Description of Works | Estimated Amount Nrs. without VAT | Bid Security Amount Nrs. | Bid Doc. Fee (Non-Refundable) Nrs. |
|---|---|---|---|---|
| 01/MRMUN/SQ/ Works / 2081-82 | Earthwork filling in proposed ward office-04 compound area. Mayadevi-04 | 8,57,931.58 | Rs. 25,000/- | Rs. 1,000/- |
| 02/MRMUN/SQ/ Works / 2081-82 | Artesian Boring work in Mayadevi-04 | 6,96,071.60 | Rs. 20,000/- | Rs. 1,000/- |

2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotations at PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.

**Chief Administrative Officer**


## Bhadrapur Municipality
## Office of Municipal Executive

Bhadrapur-Jhapa

Koshi Province, Nepal

**Invitation for Bids (IFB): BDP/MUN/CONSTRUCTION/WORKS/5/081-82**

**First date of publication: February 07, 2025 (2081/10/25)**

1 **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa invites** electronic bid from duly eligible and qualified registered bidders for the below mentioned works under National Competitive Bidding procedure. Some of the qualification criteria are mentioned below, though the details are in the bidding document. Bidding is open to all eligible national bidders.

| Contract No | Description of Works | Estimated amount (Without VAT & Contingencies including PS) | Bid Security Amount (NRs.) |
|---|---|---|---|
| BDP/MUN/ CONSTRUCTION/ WORKS/26/081-82 | Maintenance of blacktopped road Sagarmatha Chowk-Kamaldhap road at ward 2, Shankhar tole road at ward-5, Fulbari tole road & Bidur Boarding road at ward-8 & Sahid-gangalal marga at ward-10. | **98,14,039.89** | 2,76,000.00 |
| BDP/MUN/ CONSTRUCTION/ WORKS/27/081-82 | Construction of blacktopped road with drain from 5 no ward office to mechi bhansar-5/6 | **1,75,51,540.59** | 4,46,000.00 |
| BDP/MUN/ CONSTRUCTION/ WORKS/28/081-82 | Construction of Interlocking Paved Road with drain at Chandragadi bajar-10 | **1,01,48,752.26** | 2,76,000.00 |
| BDP/MUN/ CONSTRUCTION/ WORKS/29/081-82 | Construction of road from Sagarmatha chowk to Kichakbadh road at ward-2. | **24,52,577.52** | 67,000.00 |

Name of the Bank: **Rastriya Banijya Bank, Bhadrapur,Jhapa**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive, Bhadrapur-Jhapa**
Office Code no.: **80101112**
Office Account no.: **2210100303000003 (For Security deposit)**

2. A complete set of Bidding documents may be downloaded from the PPMO E-Portal- www.bolpatra.gov.np/egp (e-GP II)
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. Bid document amounting of Nrs. 3,000.00 should be purchased online from https://sutrarevenue.fcgo.gov.np/ with revenue code no: 14229 or may be purchased from municipality office.
5. General Information related to Electronic Bids are:

| Date of Pre-Bid Meeting | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity period |
|---|---|---|---|---|
| 2081/11/05, 11:00 at BDP Mun Jhapa | 2081/11/26, 12:00 at BDP Mun Jhapa | 2081/11/26, 1:00 PM at BDP Mun Jhapa | Minimum 90 days from the last date of bid submission | Minimum 30 days beyond the bid validity period. |

**Bhadrapur Municipality**
**Office of Municipal Executive**

# प्रभाव दैनिक





**'ओई माया ओई'मा श्रीदेव र अनामिकाको प्रेमकथा**

गायक सविन सुवेदीको स्वर रहेको गीत 'ओई माया ओई' सार्वजनिक भएको छ। सञ्चारकर्मी समेत रहेका गीतकार शान्तिप्रियको शब्द रहेको गीतमा दीपक शर्माले संगीत दिएका छन्। छायाँछवी क्रियशनले गीतको भिडियो निर्माण गरेको छ। जसमा काकार श्रीदेव भट्टराई र अनामिका चौलागाईको अभिनय छ। प्रेमकथा देखाउन खोजिएको गीतमा बालकलाकार परिषा थापा र रोनिश खड्काको समेत अभिनय छ।






# म हिरो हैन, समाजको चरित्र हो : विजय बराल



■ प्रभाव संवाददाता

**काठमाडौं –** अभिनेता विजय बरालले आफू फिल्मको हिरो नभएर समाजको चरित्र भएको बताएका छन्। राजधानीमा जारी ह्वाइट हाउस लिट्रेचर फेस्टिबलमा उनले भने, 'म हिरो त मेरी श्रीमती र छोरोको मात्रै हो, फिल्मका लागि त चरित्र हिरो हो।'

पूर्णबहादुरको सारङ्गीबाट मुख्य भूमिकामा आएका उनले पहिलो फिल्मै अत्यधिक सफलता हात पारे। अभिनय जन्म जातै हुने बताएका उनले अभिनयलाई पढाइले निखारता ल्याउने धारणा राखे। 'हरेक कुरा अवलोकन गरेर त्यसैको नक्कल गर्नु नै अभिनय हो तर त्यसलाई भावमा रूपान्तरण गर्नुपर्छ' उनले भने। उनले अभिनय पनि एक जनरा भएको बताए। उनले अहिले प्राकृतिक अभिनय सबैले मन पराइरहेको बताए। आफ्नो फिल्म पूर्णबहादुरको सारङ्गीलाई धेरै मन पराउनुको कारण पनि यही रहेको उनको भनाई छ।

पहिले सहायक भूमिकामा रहँदा र अहिले मुख्य भूमिकामा अनुबन्धित हुँदा अभिनयमा फरक नभएपनि त्यसलाई दोहोऱ्याउने तरिकामा भने फरक हुने उनले बताए। उनले भने, 'सहायक भूमिका भनेको बाटोको काँडा सफा गर्ने जस्तै हो तर मुख्य भूमिकामा जिम्मेवारी बोध र दबाब महसुस हुने रहेछ।' उनले पहिलेको भन्दा अहिले ५ गुणा पारिश्रमिक बढेको र जिम्मेवारी पनि उस्तै बढेको बताए।

## 'लाज शरणम्'को 'हेर्दा हेर्दैमा' सार्वजनिक

**काठमाडौं (प्रस)–** फिल्म 'लाज शरणम्'को प्रमोशनल गीत 'हेर्दा हेर्दैमा' सार्वजनिक गरिएको छ। शान्ती श्री परियार र आशिष अविरलको स्वर रहेको गीतमा आनन्द अधिकारीको शब्द र कृष्ण भारध्वजको संगीत छ। एक-अर्कामा आकर्षित भएका युवायुवतीको प्रेम गीतमा देखाउन खोजिएको छ। प्रेमीप्रेमिकाले अनुहार हेर्दै भावले उसको भावना बुझ्ने गीतको शब्द र भिडियोले बुझाउँछ। भिडियोमा माला लिम्बू, गजित विष्टसँगै फिल्ममा अधिकांश मुख्य कलाकारको अभिनय छ। तराई मधेसमा लाग्ने हाट बजारको सेटअपमा गीत छायांकन भएको छ।

'लाज शरणम्' हास्य टेलिश्रृंखला 'सक्किगोनि' टिमले बनाएको फिल्म हो। फिलमको शिर्ष भुमिकामा सिताराम कट्टेल 'धर्मुस' छन्। धुर्मुससँगै अर्जुन घिमिरे, सागर लम्साल, हरिष निरौला, प्रियाना आचार्य, विजय बराल, महेश त्रिपाठी, अर्पण थापा, रेणु योगी, विजय लामा, मुकुन्द श्रेष्ठ, माला लिम्बूलगायत कलाकारको अभिनय छ।

# 'मिस एन्ड मिस्टर टिन युनिभर्स सुपरस्टार' भए सञ्जिता र कपिल

■ प्रभाव संवाददाता




**काठमाडौं–** 'मिस टिन युनिभर्स सुपर स्टार'को उपाधि सञ्जिता श्रेष्ठले जितेकी छन्। राजधानीमा आयोजित 'युनिभर्सल सुपर स्टार २०२५'मा उनले उक्त उपाधि हात पारेकी हुन्। सोही प्रतियोगीतामा 'मिस्टर युनिभर्सल सुपरस्टार'को उपाधि कपिल सराफ र 'मिस युनिभर्स सुपरस्टार' (ग्लोबल)को उपाधि सुनिमा श्रेष्ठ (नेवार) र ' मिसेस युनिभर्स सुपरस्टार' उमा श्रेष्ठले प्राप्त गरे।

स्मार्ट गफ एपको आयोजनामा द प्लाजा पुल्चोक ललितपुरमा एक भव्य कार्यक्रम सहित आयोजना भएको प्रतियोगीतामा अर्गनाइज च्वाइसको उपाधि रुथ पाखरिन, पब्लिक च्वाईसको उपाधि कुराना स्याग्ताङ, शर्मिला श्रेष्ठ र अमृता गिरीले जिते।

रोजिन शाक्यको कोरियोग्राफी, रमेश जंग शाही कार्यक्रम निर्देशक रहेको प्रतियोगीता युवा, युवतीदेखि विवाहित महिलासम्मको प्रतिभा निखार्ने उदेस्यले आयोजना भएको कार्यक्रम आयोजक प्रमिला सिलवालले बताइन्। अभिनेत्री रेखा थापा (नेपाल), उज्वोल रे (अमेरिका), सञ्जय रौनियार (भारत), फन किम ओआन (भियतनाम) रे अल्भारेज (कोलम्बिया) र पौयल प्रमणिक (भारत) प्रतियोगीताको निर्णायकमा रहेका थिए।

प्रतियोगीतामा ड्रेस डिजाइन समिक्छा लामिछाने, दुर्गा विष्ट, रुवि पौडेल, सजिना विष्ट, शर्मिष्ठा श्रेष्ठ र अनिता खत्री र मेकअप रोजिना सुवाल र टिमको रहेको थियो। सबै विजेता आगामी जुलाई २८ मा अमेरिकाको फ्लोरिडामा आयोजना हुने 'मिस एन्ड मिस टिन युनिभर्सल ग्लोबल'मा सहभागीता जनाउनेछन्।

# 'फेरि रेशम फिलिली'को टिजर सार्वजनिक



**काठमाडौं (प्रस)–** महाशिवरात्रिको अवसर पारेर फागुन १४ गतेदेखि रिलिज हुने फिल्म 'फेरि रेशम फिलिली'को टिजर सार्वजनिक गरिएको छ। १ मिनेट ४१ सेकेण्ड लामो टिजरले अमेरिका जान एक युवाले गर्ने संघर्षको कथा प्रस्तुत गरेको छ। टिजरमा सार्वजनिक संवादले चर्चा पाउने देखिन्छ।

फिल्ममा विनय श्रेष्ठ, सुपुष्प भट्ट, कामेश्वर चौरासिया, नीर शाह, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रविन्द्र झा, लक्ष्मी गिरी, महेश त्रिपाठी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको अभिनय छ।

सुसन प्रजापतीको छायांकन, निर्देशक महर्जन र आकाश बरालको पटकथा, नरेश किङ्ग योगीको द्वन्द्व निर्देशन तथा कालीप्रसाद बाँस्कोटा, एसडी योगी, हर्क साउद, जयन जे वाइवा र दीपक शर्माको संगीत र सुरेन्द्र पौडेलको सम्पादन फिल्ममा छ। सिनेमा आर्ट र वि मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको फिल्ममा रौनक विक्रम कडेल निर्माता तथा कार्यकारी निर्माता सुरज बम ठकुरी र सह-निर्माताामा एनि थापा हुन्। फिल्म निरोज महर्जनले निर्देशन गरेका हुन्।



**त्रिकोणात्मक महिला क्रिकेट**

# थाइल्यान्डको पहिलो हार

■ प्रभाव संवाददाता




**काठमाडौं–** राजधानीमा जारी त्रिकोणात्मक टि-२० सिरिजमा नेदरल्यान्ड्सले थाइल्यान्डलाई एक विकटले पराजित गर्दै विजयी भएको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान भएको खेलमा थाइल्यान्डले दिएको एक सय १० रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर पूरा गरेको हो। नेदरल्यान्ड्सको जितमा फेबे मोल्केबरले सर्वाधिक ३२ रन जोडिन्। उनले ४२ बलमा दुई चौका प्रहार गरिन्। त्यस्तै रोबिन रिकेले २१ बलमा एक चौकाको सहयोगमा २० रन बनाइन्। स्टेर कालिसले १२ बलमा १४ रन जोडिन्।

थाइल्यान्डका लागि थिपाच्चा पुथावोङले चार, ओनिचा कामचोम्फुले तीन र फनिता मायाले दुई विकेट लिएका हुन्। त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको थाइल्यान्डले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय नौ रनको मध्यम योगफल बनाएको थियो।

थाइल्यान्डका लागि नान्नाफाट चैहान नटआउट रहँदै सर्वाधिक ३६ रन बनाइन्। उनले ४६ बलमा चार चौका र एक छक्का प्रहार गरिन्। चानिदा सुत्थीरुआङ्गले २८ बलमा चार चौकाको सहयोगमा ३२ रन जोडिन्। कप्तान नारुइमोल चाइवाईले २६ बलमा १५ रन जोडिन भने सुवानान खियाओतोले नटआउट रहँदै १० रन जोडिन्। नेदरल्यान्ड्सका लागि आइरिस विलिडले तीन र हेटर सिगर्सले दुई विकेट लिइन्। नेदरल्यान्ड्सले यस सिरिजमा थाइल्यान्डलाई पहिलो पटक पराजित गरेको हो।

यो जितसँगै नेदरल्यान्ड्स र थाइल्यान्ड दुवैको उपाधी जित्ने सम्भावना कायम छ। नेदरल्यान्ड्सले छ खेलमा आठ अङ्क जोडेको छ। पहिलो पराजय व्यहोरेको थाइल्यान्डको पनि पाँच खेलबाट समान आठ अङ्क छ। नेपाल, थाइल्यान्ड र नेदरल्यान्ड्स सहभागी टोलीले एकअर्कासँग समान तीन पटक खेल्नेछन्। जसमा अङ्क तालिकाको शीर्ष स्थानमा रहने टोली विजेता बन्नेछ। उक्त सिरिजको अन्तिम खेल भोलि हुनेछ। अन्तिम खेल नेपालले थाइल्यान्डसँग खेल्नेछ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६६/१०/१९ मा दर्ता भएको **प्रा.लि. नं. ७०१५२/०६६/०६७** को **होटल ईशन प्रा.लि.** को मिति २०८१/१०/२४ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२/१०/१५ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१४४५९४** को **याक इन्टरटेन्मेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/१०/२४ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**चुरे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घरखेडा, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/१०/२५ (7th Feb, 2025)**

यस चुरे गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको आ.व २०८१/०८२ अन्तर्गत तपशिल बमोजिमको खरिद कार्यका लागि प्रकाशित सूचना अनुसार न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएको बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै बोल्पत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | CRM/SQ/Goods/03/081/082 | Supply And Delivery Of Sanitary Pads | A.G. Health Industries Pvt. Ltd, Tilottama-16, Madhawaliya, Rupendehi | Rs 5,38,725.24 /- |

**प्रमुख प्रशासकीय अधिकृत**

# विश्व स्वास्थ्य संगठनबाट बाहिरिने अर्जेन्टिनाको घोषणा






**ब्युनस आयस–** अर्जेन्टिनाले विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)बाट बाहिरिने घोषणा गरेको छ । अर्जेन्टिनाका राष्ट्रपतिका प्रवक्ता म्यानुएल एडोर्नीले निर्णयको घोषणा गरेको सिएनएनले जनाएको छ ।

'राष्ट्रपति (जेभियर) मिलेईले (विदेशमन्त्री) गेरार्डो वर्थेनलाई विश्व स्वास्थ्य संगठनमा अर्जेन्टिनाको सहभागिता फिर्ता लिन निर्देशन दिए,' एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै एडोर्नीले भने, 'हामी अर्जेन्टिनीहरू कुनै अन्तर्राष्ट्रिय संगठनलाई हाम्रो सार्वभौमिकतामा हस्तक्षेप गर्न दिने छैनौं, विशेषगरी हाम्रो स्वास्थ्यमा ।' एडोर्नीले अर्जेन्टिनाको निर्णयलाई 'स्वास्थ्य व्यवस्थापनसम्बन्धी गहिरो मतभेदहरू, विशेषगरी महामारीको समयमा... जसले हामीलाई मानव इतिहासको सबैभन्दा लामो लकडाउन र केही राज्यहरूको राजनीतिक प्रभावको सामना गर्न स्वतन्त्रताको कमीमा पुऱ्यायो' भने ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डब्ल्युएचओबाट अमेरिकालाई फिर्ता लिने घोषणा गर्दै कार्यकारी आदेशमा हस्ताक्षर गरेको केही हप्तापछि यो घोषणा आएको हो । पछि जारी गरिएको वक्तव्यमा अर्जेन्टिनाका राष्ट्रपति कार्यालयले डब्ल्युएचओलाई कोभिड-१९ महामारीको समयमा '(अन्तहीन क्वारेन्टिनलाई बढावा दिएर)' आर्थिक क्षति पुऱ्याएको आरोप लगाएको छ ।

वक्तव्यमा भनिएको छ, 'अन्तर्राष्ट्रिय समुदायबाट यो पुनर्विचार गर्न जरुरी छ कि किन सबैले वित्तपोषण गरेका अन्तर राष्ट्रिय संगठनहरू अस्तित्वमा छन्, जसले आफू सिर्जना गरिएका उद्देश्यहरू पूरा गर्दैनन्, अन्तर्राष्ट्रिय राजनीतिमा संलग्न हुन्छन् र सदस्य देशहरूभन्दा माथि आफूलाई थोप्न खोज्छन् ।'

डब्ल्युएचओले अर्जेन्टिनामा काम गर्छ । तथापि एडोर्नीले अर्जेन्टिनाले स्वास्थ्य व्यवस्थापनका लागि डब्ल्युएचओबाट वित्तीय सहयोग प्राप्त नगरेको बताए । उनले भने, 'त्यसैले यो कदमले... देशका लागि कोषको नोक्सानी प्रतिनिधित्व गर्दैन न त सेवाहरूको गुणस्तरलाई प्रभावित गर्छ ।'

उनले डब्ल्युएचओबाट अर्जेन्टिनाको फिर्तीले अर्जेन्टिनाको हितमा 'नीतिहरू कार्यान्वयन गर्न बढी लचिलोपन' र 'स्रोतहरूको अधिक उपलब्धता' दिने दाबी गरे । उनले भने, 'यसले स्वास्थ्य मामिलामा पनि सार्वभौमिकता भएको देशतर्फको हाम्रो मार्गलाई पुनः पुष्टि गर्दछ ।'

यसअघि जनवरीमा अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालको पहिलो दिन विश्वव्यापी स्वास्थ्य एजेन्सीबाट संयुक्त राज्यलाई फिर्ता लिने योजना घोषणा गरेको थियो । मिलेईद्वारा वैचारिक सहयोगीको रूपमा लिइएका ट्रम्पले जनवरीको कार्यकारी आदेशमा डब्ल्युएचओको आलोचना गर्दै 'चीनको वुहानबाट उत्पन्न भएको कोभिड-१९ महामारी र अन्य विश्वव्यापी स्वास्थ्य संकटहरूको कुव्यवस्थापन, तत्काल आवश्यक सुधारहरू अपनाउन असफल भएको र डब्ल्युएचओका सदस्य राष्ट्रहरूको अनुपयुक्त राजनीतिक प्रभावबाट स्वतन्त्रता प्रदर्शन गर्न नसक्नु' विश्व स्वास्थ्य निकायबाट अमेरिकाको फिर्ताको कारणहरू थिए भनेका थिए ।

'विश्वका धेरै देशमा धूमपानको प्रचलन घट्दै गएसँगै धूमपान नगरेका मानिसहरूमा फोक्सोको क्यान्सरको अनुपात बढेको छ,' अनुसन्धानकर्ताहरूले भनेका छन्, 'धूमपान नगरेका मानिसहरूमा फोक्सोको क्यान्सर विश्वभर क्यान्सर-सम्बन्धित मृत्युको पाँचौं प्रमुख कारण हुने अनुमान गरिएको छ, जुन लगभग पूर्णरूपमा एडेनोकार्सिनोमाका रूपमा र धेरैजसो महिला र एसियाली जनसंख्यामा देखापर्छ ।'

अध्ययनले विश्व स्वास्थ्य संगठनलगायतका मनिटरहरूको डेटामा आधारित साङ्ख्यिकीय अनुसन्धान प्रस्तुत गरेको छ । अनुसन्धानकर्ताहरूले वायु प्रदूषणसँग सम्बन्धित एडेनोकार्सिनोमाको सबैभन्दा उच्च स्तर पूर्वी एसिया, विशेषगरी चीनमा पत्ता लागेको बताए । 'तातो र खाना पकाउनका लागि घरायसी ठोस इन्धन जलाउने जोखिमले चिनियाँ महिला गैरधूमपानकर्ताहरूमा फोक्सोको क्यान्सरको कारक हुन सक्छ,' उनीहरूले भने । *रासस/एएनआई*

# ट्रम्पको धम्कीपछि मेक्सिकोद्वारा अमेरिकी सीमामा १० हजार नेसनल गार्ड सेना तैनाथ

**सिउडाड जुआरेज (मेक्सिको)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा भन्सार महसुलको धम्कीपछि मेक्सिकोले आफ्नो उत्तरी सीमामा पठाएको १० हजार सैनिकमध्ये पहिलो मेक्सिकाली नेसनल गार्ड र आर्मी ट्रकहरू बुधबार टेक्सासको सिउडाड जुआरेज र एल पासोलाई छुट्याउने सीमामा गुडेका छन् ।

मास्क लगाएका र हतियारधारी नेसनल गार्डका सदस्यहरूले सिउडाड जुआरेजको बाहिरी क्षेत्रमा सीमा अवरोधको साथै रहेको झाडीमा खोजी गरे, खाल्डोमा लुकाएर राखिएका अस्थायी भऱ्याङहरू र डोरीहरू निकाले र तिनलाई ट्रकमा राखे । तिजुआना नजिकैका सीमाका अन्य भागहरूमा पनि गस्ती देखिएको थियो ।

यो घटना ट्रम्पले मेक्सिकोमाथि कठोर भन्सार लगाउने कुरालाई कम्तीमा एक महिनाका लागि स्थगित गर्ने घोषणा गरेपछिको अशान्त हप्तापछि आएको हो । बदलामा मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबामले सीमा सुदृढीकरण गर्न र फेन्टानिल तस्करीविरुद्ध कारबाही गर्न देशको नेसनल गार्ड पठाउने वाचा गरे ।

गत वर्ष आप्रवासनको स्तर र फेन्टानिलको मात्रा उल्लेखनीय रूपमा घटेको भए पनि ट्रम्पले सीमामा आपत्काल घोषणा गरेका छन् । अमेरिकाले बदलामा मेक्सिकोमा कार्टेल हिंसालाई बढावा दिन अमेरिकी हतियारहरूको तस्करी रोक्न थप काम गर्ने बताएको छ । यो हिंसा आपराधिक समूहहरूले लाभदायक आप्रवासी तस्करी उद्योगको नियन्त्रणका लागि लड्दै गर्दा देशका अन्य भागहरूमा फैलिएको छ । मंगलबार ती सेनामध्ये पहिलो समूह सरकारी विमानहरूबाट बाहिर निस्केर सीमावर्ती सहरहरूमा आइपुग्यो । बुधबार गस्तीमा रहेका गार्ड सदस्यहरूले उनीहरू नयाँ बलको हिस्सा भएको पुष्टि गरे ।

'सीमामा स्थायी निगरानी हुने छ,' सहरमा तैनाथीको नेतृत्व गर्दै गरेका नेसनल गार्डका नेताहरूमध्ये एक जोसे लुइस सान्तोस इजाले पहिलो सैनिक समूहको आगमनमा मिडियालाई भने, 'यो अभियान मुख्यतया मेक्सिकोबाट संयुक्त राज्य अमेरिकामा लागूपदार्थ तस्करी, मुख्यतया फेन्टानिल रोक्नका लागि हो ।' सरकारी आँकडाअनुसार सिउडाड जुआरेजमा कम्तीमा एक हजार ६५० सैनिक पठाइने अपेक्षा गरिएको छ । यसलाई देशको सीमा सुदृढीकरणको सबैभन्दा ठूलो प्राप्तकर्ताहरूमध्ये एक बनाएको छ । तिजुआनापछि दोस्रो, जहाँ एक हजार ९४९ सैनिक पठाइने योजना छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोको ल्याटिन अमेरिका भ्रमणका क्रममा मेक्सिको सरकारको विज्ञप्तिअनुसार शीर्ष अमेरिकी कूटनीतिज्ञले सैन्य बल पठाएकामा मेक्सिको सरकारलाई धन्यवाद दिए । विदेशमन्त्रीको भ्रमणमा आप्रवासन मुख्य एजेण्डामा थियो ।

सेनबामको वार्तालाई पर्यवेक्षकहरूले नवनिर्वाचित मेक्सिकाली नेताको चतुर राजनीतिक चालको रूपमा हेरेका थिए । धेरैले पहिले नै उनको पूर्ववर्ती र सहयोगी, पूर्वराष्ट्रपति एन्ड्रेस म्यानुएल लोपेज ओब्राडोरको आन्द्रेस म्यानुअल लोपेज ओब्राडोरजस्तै प्रभावकारी ढंगले ट्रम्पको राष्ट्रपति कार्यकालमा काम गर्न सक्षम हुनेमा आशंका गरेका थिए । *रासस/एपी*


**साउदीमा रोजगार** कम्पनी : Reda One Hotel Company

पूर्व स्वीकृति मिति : २०८१/१०/१३ | LT. No. 317610 | चलानी नं. ६०२३२५५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३७,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mobhira Overseas Service Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com
Govt. License 083/053/054



**साउदीमा रोजगार** कम्पनी : MUEEN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 307880 | चलानी नं. ६०२२२५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Packing Workers | 100 | 0 | 1000 | ३७,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75
Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



**युएइमा रोजगार** कम्पनी : ROYAL PALACE FURNITURE INDUST. CO. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318367 | चलानी नं. ६०२३२५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 0 | 900 | ३४,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Messenger | 4 | 0 | 1100 | ४१,९४० | | | | | | | |
| 3 | Stevedores | 40 | 0 | 1200 | ४५,७५५ | | | | | | | |
| 4 | Tailor | 5 | 0 | 1200 | ४५,७५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1682/080/081
NEPAL WORLD OVERSEAS PVT.LTD
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



**साउदीमा रोजगार** कम्पनी : Mansour Abdulrahman Khashman Al Harbi Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318289 | चलानी नं. ६०२३२५६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | packing and packaging worker | 2 | 0 | 1200 | ४४,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१



**कुवेतमा रोजगार** कम्पनी : East International Restaurant Company/ Faisal Jassim Al-Omar and his partner

पूर्व स्वीकृति मिति : २०८१/१०/२३ | LT. No. 318231 | चलानी नं. ६०२३२५३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 3 | 5 | 125 | ५६,७३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | COOK COMMIS III | 3 | 5 | 130 | ५९,००० | | | | | | | |
| 3 | INDOOR CLEANER | 3 | 0 | 85 | ३८,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com



**कुवेतमा रोजगार** कम्पनी : PACE MOVERS FURNITURE TRANSPORT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१०/२४ | LT. No. 318276 | चलानी नं. ६०२३२५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/HELPER | 10 | 4 | 95 | ४३,१२६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | fresh light driver | 2 | 0 | 150 | ६८,०९४ | | | | | | | |
| 3 | Furniture Carpenter | 4 | 0 | 150 | ६८,०९४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ फागुन २ गते (14th Feb. 2025) मा हुनेछ ।
संस्थाको कार्यालयमा प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Ujyalo Overseas Pvt. Ltd.
Kathmandu, Nepal Tel : +977-1-4110543 , 9861588349, 9842050869
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com
श्रम ईजाजत नं. १३३९/०७४/०७५



**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुट्टार, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१/१०/२५**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको निर्माण कार्य गर्नु पर्ने भएकोले इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी १६ औ दिन १२:०० बजेसम्म पेश गर्नु हुन सम्बन्धीत सबैमा जानकारी गराइन्छ । दरभाउपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने, खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website:www.rautamaimun.gov.np https://www.bolpatra.gov.np/egp र सूचना पाटीमा समेत राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**दरभाउपत्र सम्बन्धी निर्माण कार्यको विवरण**

| सि.नं. | दरभाउत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट र पी.एस वाहेक) रु. | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | RRM/SQ/Works/12/2081-082 | " Constrction of ward office Building Talla Thap, ward no.1" | 12,42,591.11 | 36000.00 | Nrs.1000.00 |

**प्रमुख प्रशासकीय अधिकृत**



**मेचीनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इटाभट्टा, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**प्रथम पटक प्रकाशित मिति:२०८१/१०/२४**

प्रस्तुत विसयमा यस मेचीनगर नगरपालिकाको २०८१/०९/२० गतेको निर्णय अनुसार आ.ब २०८१/०८२ को स्वीकृत अधावधिक **IEE** प्रतिबेदनले निर्धारण गरे तपसिल बमोजिम ठेक्काहरुको लागि मिति २०८१/०९/२५ गतेको **https://www.bolpatra.gov.np/egp** को सूचना बमोजिम ई-बिड मार्फत दाखिला भएका बोलपत्रहरुको बोलपत्र मुल्यांकन समितिबाट मुल्यांकन भइ सबैभन्दा बढी रकम कबोल गर्ने र सारभुत रुपमा प्रभावग्राही देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाता हरुलाई जानकारी गराउन सूचना प्रकासन गरिन्छ।

**तपसिल :**

| क.स. | ठेक्का न | योजनाको नाम | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अङ्क (रू.) (मु. अ .कर .बाहेक) |
|---|---|---|---|---|
| 1 | 55/Revenue/TimaiHadiyaand Ninda/NCB/Mechi/2081/082 | Revenue collection by extraction of riverine materials from Timai,Hadiya and Ninda River Package Two | The Purwanchal Nirman Sewa, Mechimagar | 1,11,11,111.00 |
| 2 | 54/Revenue/MechiRiver/NCB/Mechi/2081/082 | Revenue collection by extraction of riverine materials from Mechi River Package One | The Purwanchal Nirman Sewa, Mechinagar | 79,99,999.00 |

**अम्नि प्रसाद अधिकारी**
**प्रमुख प्रशासकिय अधिकृत**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १६८५०० | प्रति तोला - ० | प्रति तोला - १९८० |



**हिउँको खाँचो...** | यसवर्ष माघ महिना सकिन लाग्दा पनि हिउँ नपरेकाले मुगुको छायानाथ रारा नगरपालिका वडा नं २ मा रहेको चयनजिउलोस्थित खेतमा लगाइएको फस्टाउन नसकेको गहुँ र जौं बाली ।
*तस्बिर: नृपेन्द्रबहादुर मल्ल/रासस*

बजेट समीक्षा


# आयव्ययको अनुमान घटाइयो

## विनियोजनको ९१ प्रतिशत खर्च हुने अनुमान

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले चालू आर्थिक वर्ष २०८१/८२ को बजेटको अर्धवार्षिक समीक्षामार्फत आय व्ययको अनुमान घटाएको छ ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले संसदमा बजेट समीक्षा प्रस्तुत गर्दै बजेटको आकार घटाएका हुन् । चालु आर्थिक वर्षमा रू १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख खर्च हुने अनुमान गरिएकामा अर्धवार्षिक समीक्षामार्फत रू १६ खर्ब ९२ अर्ब ७३ करोड ३५ लाख खर्च हुने संशोधित अनुमान छ । यो रकम सुरू विनियोजनको ९० दशमलव ९९ प्रतिशत हो ।



चालुतर्फ रू १० खर्ब २९ अर्ब ३० करोड अर्थात् विनियोजनको ९० दशमलव २४ प्रतिशत, पुँजीगततर्फ रू दुई खर्ब ९९ अर्ब ५० करोड ९ लाख अर्थात विनियोजनको ८५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रू तीन खर्ब ६३ अर्ब ९३ करोड २६ लाख अर्थात् विनियोजनको ९९ दशमलव ०९ प्रतिशत खर्च हुने अनुमान छ । चालु वर्षको अन्त्यसम्ममा नेपाल सरकारको स्रोतबाट (राजस्व र आन्तरिक ऋण) रू १४ खर्ब ७५ अर्ब २६ करोड ८२ लाख, वैदेशिक अनुदानतर्फ रू ३६ अर्ब ६२ करोड ८६ लाख र वैदेशिक ऋणतर्फ रू एक खर्ब ८० अर्ब ८३ करोड ६७ लाख खर्च हुने संशोधित अनुमान रहेको छ ।

अर्थमन्त्री पौडेलका अनुसार अर्धवार्षिक समीक्षा अवधिमा प्रदेशलाई रू ३४ अर्ब ८९ करोड २२ लाख र स्थानीय तहलाई रू एक खर्ब ५० अर्ब २६ करोड ८ लाख वित्तीय हस्तान्तरण भएको छ । चालु आर्थिक वर्षमा विनियोजन भएको बजेटमध्ये समीक्षा अवधिमा प्रदेशतर्फ ३६ दशमलव १७ प्रतिशत र स्थानीय तहमा ४८ दशमलव १० प्रतिशत हस्तान्तरण भएको छ । समीक्षा अवधिमा प्रदेश र स्थानीय तहमा गरी कूल अनुदानको ४५ दशमलव २८ प्रतिशत हस्तान्तरण भएको छ ।

अर्थ मन्त्रालयकाअनुसार यो अवधिमा मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट सङ्कलन हुने अन्तःशुल्क रकममध्ये प्रदेश र स्थानीय तहलाई सूत्र अनुसार (१५ प्रतिशतले हुने) रू ३२ अर्ब २७ करोड ९० लाखका दरले जम्मा रू ६४ अर्ब ५५ करोड ८० लाख बाँडफाँट गरि पठाइएको छ । जुन गत वर्षको तुलनामा १४ दशमलव १७ प्रतिशतले बढी हो ।

अर्धवार्षिक समीक्षामार्फत बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनमा गर्नुपर्ने सुधार पनि सरकारले औँल्याएको छ । जसअन्तर्गत सबै सरकारी कार्यालय, नियामक निकाय र सार्वजनिक संस्थानमा नयाँ संगठन संरचना र दरबन्दी सिर्जना नगर्ने, खर्चको मापदण्ड बनाई चालु खर्चमा मितव्ययिता कायम गर्नेलगायत विषय रहेका छन् ।

स्रोतमा परेको चापलाई दृष्टिगत गरी अनिवार्य दायित्वबाहेक चालु खर्चतर्फ विनियोजित नेपाल सरकारको स्रोततर्फको रकममध्ये हालसम्म खर्च भई बाँकी रहेको रकमको २५ प्रतिशत रोक्का राख्ने निर्णय पनि सरकारले गरेको छ । जग्गा प्राप्ति र मुआब्जा वितरण, वन क्षेत्र उपयोगको स्वीकृति लगायतका तयारी पूरा गरेर मात्र पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजना कार्यान्वयनका लागि खरिद प्रक्रियामा लैजाने, राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्वका प्राथमिकता प्राप्त आयोजना कार्यान्वयनमा स्रोतको अभाव हुन नदिने व्यवस्था मिलाउनेलगायत विषय रहेका छन् ।

# तल्लो सोलु हाइड्रो निर्माणको अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**सोलुखुम्बु–** जिल्लाको तिङ्ला क्षेत्रमा निर्माणाधीन ८२ मेगावाट क्षमताको तल्लो सोलुखोला हाइड्रोपावर निर्माणको अन्तिम चरणमा पुगेको छ । आयोजनाको भौतिक प्रगति ९५ प्रतिशत भएको छ ।

तल्लोसोलु हाइड्रोपावर कम्पनी लिमिटेडद्वारा प्रवर्द्धित आयोजनाका जेनेरेटर, टर्वाइन जडान, हेडबक्स, पावर हाउस, सुरुङमार्गलगायत संरचना निर्माण भएका छन् । कम्पनीका प्रबन्धक धर्मेन्द्र गोतामेका अनुसार आयोजनाको पेनस्टक टनेलको 'बेक थ्रु' को चरणमा पुगेको छ । उनले भने, 'आयोजनाको काम अन्तिम चरणमा पुगेको छ । अब पेनस्टक पाइपको मात्र बाँकी छ । आगामी भदौमा व्यावसायिक उत्पादन गर्ने हाम्रो लक्ष्य हो ।'

आयोजनाको प्रसारण लाइन निर्माण कार्य पनि ८० प्रतिशतभन्दा बढी सम्पन्न भइसकेको छ । एफएमओलगायतका युरोपियन बैंक (इन्टरनेसनल फन्डिङ एजेन्सी) को रु १६ अर्ब ऋण लगानीमा सन् २०१६ अगस्तदेखि निर्माण कार्य थालिएको थियो । आयोजना सेप्टेम्बर २०२५ भित्रमा पूरा गर्ने लक्ष्य राखिएको छ ।

सोलुदूधकुण्ड नगरपालिका-७ र ११ को सिमानामा पर्ने साल्मे क्षेत्रको सोलु खोलामा बाँध निर्माण गरी पानी सङ्कलन गरिएको छ । उक्त पानी करिब छ किलोमिटर टाढाको तिङ्लाको भदौरेस्थित पावर हाउसमा झारिनेछ । यसका लागि पाँच किलोमिटर लामो सुरुङमार्ग निर्माण गरिएको छ ।

भौगोलिक कठिनाइ र लामो सुरुङमार्गका कारण अनुमानित लागतभन्दा अधिक खर्च हुनसक्ने उनको अनुमान छ । हाल आयोजनामा सात सय कामदार कार्यरत छन् । साथै सय जना स्थानीयले रोजगारी पनि पाएका छन् ।

आयोजना सम्पन्न भएपछि हिउँदमा न्यूनतम २३ मेगावाट र वर्षायाममा ८२ मेगावाट विद्युत् उत्पादन हुनेछ राखिएको छ । उत्पादित विद्युत् तिङ्ला सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ ।

## नेप्सेमा गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बिहीबार ११ दशमलव ६४ अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक ११ दशमलव ६४ अङ्कले घटेर दुई हजार छ सय ९९ दशमलव ८१ को बिन्दुमा कायम भएको हो । तीन सय १५ कम्पनीको कारोबार हुँदा रू नौ अर्ब २४ करोड ७३ लाख ७५ हजार दुई सय ८७ दशमलव २७ को कारोबार भएको छ ।

# छैठौं आइस क्लाइम्बिङ लेभल वन ट्रेनिङ




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पर्वतारोहण प्रशिक्षक संघद्वारा आयोजित 'छठौं आइस क्लाइम्बिङ लेभल वन ट्रेनिङ' सम्पन्न भएको छ । बिहीबार तालिम लिएका १८ जनालाई काठमाडौंको धुम्बराहीस्थित पासाङ ल्हामु फाउन्डेशन क्लाम्बिङ वालमा प्रमाणपत्र वितरण गरी सम्पन्न भएको हो ।

उनीहरूले मनाङ जिल्लाको काठमाडौं भ्याली हुम्देमा तालिम लिएका हुन् । उनीहरूलाई ६ जना प्रशिक्षकले तालिम दिएका थिए । प्रमुख प्रशिक्षक लाक्पा रङ्दु शेर्पाले भने, ' तालिम लिनको लागि ५० जनाले फारम भरेका थिए, जसबाट छनोट भई १८ जनालाई तालिम दिएको हो ।'

उनमा अनुसार प्रशिक्षक संघले दिदैं आएको चार/पाँच वटा तालिमहरूमध्ये यो तालिम निकै महत्वपूर्ण रहेको छ । उनले तालिमहरूमा आइस लेभल वन तालिम शारिरीक रूपमा एकदमै जोखिम हुने बताए ।लाक्पा शेर्पाले भने, 'पहिला पहिला एक पटकमा ३० जना सम्मलाई तालिम दिइन्थ्यो, जसले गर्दा तालिममा धेरै दुर्घटना हुने पनि गर्थ्यो । तर यसपटक भने छनोट भएका १८ जना सक्षम भएकाले त्यस्तो केही दुर्घटना भएन । सुरक्षित साथ तालिम सम्पन्न भयो । पहिलाको तुलनामा यस पटकको तालिममा सहभागीहरूले अलि बढी हिँउमा खेल्न र रमाउन पाए ।'

उनका अनुसार यस पटकको तालिममा सहभागीहरूलाई बिहान ८ बजेदेखि साँझको ६ बजेसम्म हिउमा खेलाइएको थियो । जसले गर्दा उनीहरू हिउसँग अझ बढी नजिकिए र राम्रोसँग बुझ्ने मौका पाए । संघले दिने तालिमहरूमा बेसिक इन्ट्रोडक्टोरी, बेसिक माउन्टेन रेस्क्यू, रोक लेभल वन, आइस लेभल वन, हाई माउन्टेन रेस्क्यु आदि रहेका छन् ।

## कर्पोरेट

### बर्दगोरियामा निःशुल्क शववाहन र किरिया खर्च




**काठमाडौं (प्रस)–** मानिसको स्वर्गारोहणपछि पार्थिव शरीरलाई दाहसंस्कारका लागि लैजान सहज बनाउने उद्देश्यले कैलालीको बर्दगोरिया गाउँपालिकाले बुधवारबाट निःशुल्क महाप्रस्थान यान (शवबाहन) सञ्चालनमा ल्याएको छ । गाउँपालिकाका अध्यक्ष कर्णबहादुर कुँवरले बुधबार शव बहान सार्वजनिक गरे । उक्त अवसरमा उनले शवबाहान विपन्न नागरिकहरूका लागी यो यान निकै प्रभावकारी हुने बताए ।

बर्दगोरिया गाउँपालिकाले महाप्रस्थान यान (शव बाहान) सञ्चालन गरे सँगै मृतकको काज किरिया खर्च बापत १० हजार रूपैयाँ उपलब्ध गराउने भएको छ । अति विपन्न परिवारका आफन्तले काज किरिया गर्न समेत गाह्रो हुने अवस्थाको अन्त्य गर्न गाउँ सरकारले यो रकम उपलब्ध गराउने जनाएको छ । निःशुल्क शव बाहान र किरिया खर्च बापत दश हजार पनि पाउने भएपछि आफन्त गुमाएको शोकमा डुबेका परिवारलाई केही मलहमको काम गर्ने अपेक्षा गरिएको छ ।

### राममणि क्याम्पसको वार्षिकोत्सव

**रूपन्देही (प्रस)–** रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसको ३७ औं वार्षिकोत्सवका अवसरमा आयोजित खेलउत्सव अन्तर्गत पहिलो दिनका प्रतियोगिता सम्पन्न भएका छन् । उत्सवको पहिलो दिन कपर्दी, छेलो फ्याँक्ने, सतरञ्ज, सांगितीक कुर्ची दौड, भलिबल, कविता प्रतियोगिता, लगातयका कार्यक्रम भएका छन् ।

छात्रातर्फको कपर्दीमा विजया आचार्य नेतृत्वको समूह पहिलो र राधिका खत्री नेतृत्वको समूह दोस्रो भएका छन् । छात्र तर्फको भलिबल प्रतियोगितामा एरिक के.सी. नेतृत्वको समूह पहिलो र सुमित चौधरी नेतृत्वको समूह दोस्रो भएका छन् ।



छात्र तर्फकै छेलो फ्याँक्ने प्रतियोगितामा एरिक के.सी. पहिलो, रोहन क्षेत्री दोस्रो र आदित्य चौधरी तेस्रो भएको खेलकुद संयोजक जीवनकुमार पौडेलले जानकारी दिए ।

त्यस्तै, छात्रा तर्फको छेलो फ्याँक्ने प्रतियोगितामा बिनु राना पहिलो, रञ्जिता बुढाथोकी दोस्रो र प्रतिमा अधिकारी तेस्रो भए । सतरञ्ज प्रतियोगितामा आयुष कौशल पहिलो, ज्योशिव उपाध्याय दोस्रो र विपिन भण्डारी तेस्रो भएका थिए ।

यसैगरी सांगितीक कुर्ची दौड प्रतियोगितामा श्रृजना खनाल पहिलो, करिष्मा पाण्डे दोस्रो र शारदा ढकाल तेस्रो भए । त्यस्तै कविता प्रतियोगितामा विनिता पराजुली पहिलो, नविन गौतम दोस्रो र सदिक्षा खनाल तेस्रो भएको क्याम्पसले जानकारी दिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ